## अभिलेखबाट

# नेपालको पहिलो संविधान (वि.सं. २००४) उपर गणेशमान सिंहको टिप्पणी

**लोकरञ्जन पराजुली**

वि.सं. २००२ को मंसिरमा नेपालमा शासनरत शक्तिशाली जहानियाँ राणा प्रधानमन्त्री जुद्ध शम्शेरले राजीनामा दिए । यतिखेर दोस्रो विश्व युद्ध "औपचारिक रूपमा" समाप्त भएको केही महिना मात्र भएको थियो । यो युद्धमा बेलायत र सहयोगी शक्तिहरू विजयी भएका थिए । बेलायतीहरूको पक्षबाट नेपाल पनि यो युद्धमा सामेल थियो ।

भारतीय उपमहाद्वीपमा दोस्रो विश्व युद्ध अघिदेखि नै स्वतन्त्रता आन्दोलन मच्चिइरहेको थियो । र, नेपालबाट विभिन्न कारणले भारत पुगेका नेपाली युवाहरू पनि भारतीय स्वतन्त्रता आन्दोलनमा सामेल भई जेलनेल समेत खाएका थिए । युद्धमा बेलायतीहरू विजयी भए पनि भारतीय उपमहाद्वीप उपरको उनीहरूको कब्जा (उपनिवेश) अब नियन्त्रणभन्दा बाहिर पुग्न थालेको थियो । स्वतन्त्रता आन्दोलन उत्कर्षतर्फ लम्कँदै थियो । युद्धले गर्दा आर्थिक रूपले जर्जर भएको बेलायतले अब पनि भारतमा कब्जा जमाइराख्न कठिन हुने देखियो । उसले भारत छाड्ने निश्चितै जस्तो देखिए पनि ठ्याक्क कहिलेदेखि छाड्ने, र छाड्दा कसरी छाड्ने भन्ने ढाँचा तय गर्न बाँकी नै थियो । यस्तो वातावरणले नेपालभित्र र बाहिर रहेका नेपालीहरूमा समेत प्रतिक्रिया उत्पन्न गऱ्यो ।

भारत स्वतन्त्र हुने केही संकेत देखिइसकेपछि अलि सजग नेपालीहरूले बेलायतीहरूको पिछलग्गु बनेर ढलीमली गरिरहेका आफ्नो मुलुकका राणा शासकहरूतर्फ हेरे । र, असन्तुष्ट भई, राणा शासक विरुद्ध र जनअधिकारका लागि जुर्मुराउन थाले; संगठित हुन थाले । यसअघि नै नेपालमा राणा-विरोधी आन्दोलनका झिल्काहरू देखिइसकेका थिए, जसमध्ये एउटा प्रजापरिषद् "पर्व" थियो । वि.सं. १९९३ देखि नेपाल प्रजापरिषद् नामको गुप्त संगठन गरेर राणा शासकहरू विरुद्ध पर्चाबाजी गर्नेहरूलाई अन्ततः शासकहरूले पक्राउ गरे । तीमध्ये केहीलाई १९९७ सालमा मृत्युदण्ड दिइयो भने बाँकी अरू विभिन्न अवधिका लागि जेलमा जाकिए (हेर्नुहोस्, गौतम २०४६, २०५५; प्रधान २०४७) । यही काण्डमा

*समाज अध्ययन* १८ : २६९–३१४, २०८०

पक्राउ परी आजीवन कारावासको सजाय पाएका प्रजापरिषद्का संगठक गणेशमान सिंह २००१ सालमा जेलबाट भागेर भारत पसेका थिए, र राणा-विरोधी गतिविधिमा संलग्न भइरहेका थिए (सिंह २०५८) ।[१]



सदर जङ्गी जेलबाट भाग्ने राजकाजमुद्दाको का. १. पढ-
टोलबस्ने गणेशमान श्रेष्ठ। वर्ष २५ को, सामलो वर्ण भएको,
मझौला, बायाँ गालामा कोठीको चिन्ह भएको निजलाई पक्रनेले
बकस पाउनेछ। पक्राउगर्दा बलजफ्त गरी पक्रिन नसक्ने भएमा
घुँडा मनि हातहतियार चलाउन परे चलाई पक्रे बात लाग्नेछैन।
—सदर पुलिसगोश्वारा।

*तस्बिर १ :* गोरखापत्र *(२००१) मा छापिएको क्रोडपत्र ।*

यस्तो परिवेशमा २००२ सालको मंसिर १४ गते पद्म शम्शेर शासनारूढ भएका थिए । जुद्ध शम्शेरले जाँदाजाँदै आफूले प्रजापरिषद् पर्वमा कारवाही गरेका धेरैलाई छाडिदिएका

[१] असार १४, २००१ को *गोरखापत्र*मा सदर पुलिस गोश्वाराको एउटा "क्रोडपत्र" (पुलआउट) प्रकाशित छ । यो पत्रमा गणेशमान सिंहको हातखुट्टामा नेल लगाएको पूर्णकदको तस्बिर छापिएको छ (हेर्नुहोस्, तस्बिर १) । उक्त विज्ञापनमा सदर जंगी जेलबाट भागेका गणेशमानलाई पक्रनेले बकस पाउने र पक्राउ गर्दा बल प्रयोग गर्नु पर्‍यो भने घुँडामुनि हातहतियार चलाएर पक्रे पनि बात नलाग्ने बताइएको छ (गोरखापत्र २००१) ।


थिए । उनले काठमाडौँ छाडेको रात उपत्यकामा राणाशाही-विरोधी पर्चा छरिएको थियो (प्रधान २०४७ : १२७) । राणा विरोधीहरू काठमाडौँमा निमिट्यान्न भएका नभई अझै पनि सलबलाइरहेका थिए भन्ने यसले देखाउँथ्यो । यो आन्तरिक राजनीतिक परिवेश र छिमेक तथा अन्यत्र विश्वभर बहिरहेको स्वतन्त्रताको लहरलाई पद्म शम्शेरले एक हिसाबले महसुस गरेको देखिन्छ । आफ्नो मंसिर २६, २००२ मा भएको सिन्दूरजात्राको अवसरमा दिएको भाषणमा पद्मले आफूलाई "जनताको सेवक" भने, जुन आफैमा अनौठो थियो (पाँडे २०४०) । साथै, उनले समयोचित सुधार गर्ने घोषणा गरे । लगत्तै, सार्वजनिक शिक्षालाई प्रवर्द्धन गर्ने, र महिलालाई पनि "उपयुक्त शिक्षा" दिन मिल्ने उनले बताए (हेर्नुहोस्, पराजुली सन् २०१२, सन् २०२२ए) । सामान्यजनले समेत रेडियो राख्न सक्ने गरी नीति परिवर्तन गरे, र त्यसपछि रेडियो स्टेशन स्थापना गर्ने पहल गरे (पराजुली सन् २०२१ख) । उनकै पालामा *गोरखापत्र* हप्तामा तीन पटक छापिन थाल्यो, अनि त्यसमा पाठकपत्र लगायत लेखहरूले स्थान पाउन थाले (पराजुली सन् २०२२ए) । यसरी शासन व्यवस्थामा अलिकति खुकुलोपन देखिने बित्तिकै सर्वसाधारणहरूले आफ्ना विभिन्न सार्वजनिक परियोजनाहरू अगाडि बढाए । स्थानीय अभियन्ताहरूले कतिपय ठाउँमा सार्वजनिक विद्यालय तथा पुस्तकालयहरू खोले ।

उता छिमेकमा, भारतीय स्वतन्त्रता आन्दोलन क्रममा जेल परेका बीपी कोइराला कारामुक्त भएपछि बम्बईमा क्यान्सरको प्रारम्भिक उपचार गरेर उत्तर भारततर्फ फर्के, र नेपालतर्फ आफ्नो ध्यान केन्द्रित गर्ने सुर कसे (कोइराला २०४०; चटर्जी सन् १९९०) । नेपालमा प्रजातन्त्र स्थापना गर्न र नागरिक अधिकार प्राप्तिका लागि संगठित हुन नेपालीहरूलाई आह्वान गर्दै उनले पटनाबाट प्रकाशन हुने द *सर्चलाइट* पत्रिकामा आफ्नो अपील छपाए (हेर्नुहोस्, तस्बिर २);[२] विभिन्न उत्तर भारतीय शहरहरूमा रहेका सचेत नेपाली भेट्दै संगठित गर्न थाले । फलतः बिस्तारै राणा विरोधी समूह एकीकृत गर्ने अभियानले गति लियो । लगत्तै, बनारसमा नेपाली छात्र संघ र कात्तिक १५, २००३ मा अखिल भारतीय नेपाली राष्ट्रिय काँग्रेस (अभानेराका) स्थापना गरिए (जोशी २०४८) । केही महिनापछि (माघ १२–१३, २००३) नै सो संगठन (अभानेराका) नेपाली राष्ट्रिय काँग्रेसमा रूपान्तरित भयो (प्रधान २०४७; गौतम २०५५; बस्नेत २०६६) ।

यता नेपालमा, मंसिर १४, २००३ को आफ्नो एक वक्तव्यमा पद्म शम्शेरले "मुलुकको कल्याणका निमित्त मैले विचार गरेका आयोजना प्रकट गर्छु" भनेका थिए (गोरखापत्र २००३क : १) । फागुनको प्रारम्भमा दिएको अर्को भाषणमा उनले "संसारमा हालै धेरैजसो चलिआएको व्यवस्थाअनुसार हाम्रो यहाँको राज्यव्यवस्थामा पनि प्रजालाई अहिलेभन्दा पनि बढी सरीक गराउने प्रबन्ध बसाल्नाले देशको उन्नतिमा ठूलो मदद हुन जाला भन्ने

[२] सो अपीलको नेपाली अनुवाद गिरि (२०६६ : ३४०–३४१) मा संगृहीत छ ।

लागी भाइ, छोरा र भारादारहरूको राय लिन लागिरहेको छु" भने (गोरखापत्र २००३ख : १)। त्यसपछि उनले भाइ-भारादारसँग वैधानिक सुधार के-कस्तो हुनुपर्छ भनेर १५ दिनको म्याद दिई राय-सुझाव मागे।[३]



RESPONSIBLE GOVT. IN NEPAL

B. P. Koirala On Need For Organisation

PATNA, Oct. 2.—Mr. B.P. Koirala prominent Nepali and a fighter for India's freedom, writes:—

It is a matter of deep regret that the Nepalese have no organisation of their own in keeping with the needs of the modern times. There are no doubt several local organisations with very limited objectives. The need of the hour, however, is an All-India organisation comprising even Nepal with broad objectives of responsibile government in Nepal and independence of India.

The Nepalese have, thus a two-fold responsibility, one towards Nepal and the other towards India. Nepal is in a bad way in every respect. There is no liberty of any kind. The rules is above law. And the people are steeped in ignorance and squalor. In short it is an example of administrative backwardness, perhaps unparalled in the world. The Nepalese naturally, owe a primary duty towards this country, as with all her defect, she continues to be the source of inspiration, be it political or cultural, to millions of

political or cultural, to millions of them. But we must not forget our responsibility towards India too. Nepal is an integral part of India, and hence is deeply influenced by whatever happens on the Indian soil. As a matter of fact, the key to the problems of Nepal is primarily India. It is a regrettable phenomenon that the Nepalese organisations, that have functioned in the past or are functioning in the present have not paid sufficient attention to this aspect of the Nepalese question. Organisationally the Nepalese have not associated themselves with the life and death struggle of India to achieve Independence, though individually a large number of them have done so.

An All-India organisation of the Nepalese, therefore, with a broad outlook, comprehending both India and Nepal, is a crying need of the hour. I have been approached by a large number of my countrymen to take initiative in this matter. I have accepted the responsibility, and I intend to convene a small meeting of representative Nepalese very shortly. In the meantime, any suggestion from my friends both in India and Nepal in this connection will be very thankfully received. After having received suggestions from them I will fix the date and the venue of the meeting. I, therefore, invite public spirited Nepalese to contact me. My present address is—Cosy Nook, Bank Road, Patna.

*तस्बिर २ :* द सर्चलाइट *(सन् १९४६ : ३) मा छापिएको बीपी कोइरालाको पहिलो अपील।*

यसैबीच फागुन १५, २००३ देखि मुलुकको प्रमुख औद्योगिक क्षेत्र विराटनगरमा मजदुर आन्दोलन छेडियो। करिब तीन साता चलेको यो आन्दोलनले ठूलै हडकम्प मच्चायो। नेपाली राष्ट्रिय काँग्रेसका मुख्य नेता बीपी कोइराला सहित थुप्रै काँग्रेसी नेता-कार्यकर्ता पक्राउ परे। मजदुर आन्दोलनलाई नियन्त्रण गर्न शासकहरूले बन्दूक चलाए,

[३] उनले के-कस्तो सुधार, कसरी गर्ने भन्दै भाइ-भारादारलाई वितरण गरेको प्रश्नावली पन्त (२०३६) र पाँडे (२०४०) मा उपलब्ध छ।

जसमा हताहती समेत भयो । महिलाहरू पनि आन्दोलनमा उत्रिए, घाइते भए, जेल परे । बीपीहरूलाई पक्राउ गरेर पैदल काठमाडौँ चलान गरियो । अन्य बन्दीहरूलाई धनकुटा लगायतका जेलमा राखियो (कोइराला २०४०; बस्नेत २०६६) ।

बीपी कोइराला लगायतका राजबन्दी रिहाइ र राजनीतिक सुधारको माग गर्दै २००४ को वैशाखदेखि नेपाली राष्ट्रिय काँग्रेसले राष्ट्रव्यापी सत्याग्रह गर्ने उद्घोष गऱ्यो (द सर्चलाइट सन् १९४७ए) । राणाहरूले सुनेको नसुन्यै गरेकाले पूर्व घोषणा अनुरूप वैशाख १ गतेदेखि सत्याग्रह शुरू भयो । राणाहरूले आफ्नो कब्जामा राखेको काठमाडौँ उपत्यकामा पनि बिस्तारै आन्दोलन बढ्दै गयो । शासकहरूले धरपकड गरे पनि आन्दोलन रोकिएन । दिनदिनै शान्तिपूर्वक नारा-जुलुस हुन थाले (प्रधान २०४७) ।

वैशाख १५, २००४ मा पद्म शम्शेरले रोलक्रममा तेस्रा राणा बहादुर शम्शेरको सभापतित्वमा "वैधानिक सुधार समिति" गठन गरे ।[४] उनको यो घोषणाबाट पनि आन्दोलनकारी सन्तुष्ट भएनन् । जेठ २, २००४ मा पद्म शम्शेरले पुनः आन्दोलन रोक्न अपील गरे; आन्दोलनकारीसँग वार्ता गरी राजनीतिक सुधार गर्ने वचन दिए । भोलिपल्ट जेठ ३ मा उनले सबै भाइ-भारादार र जंगी-निजामती कर्मचारीलाई विशालनगर दरबारमा सामेल गराई ठूलो राजनीतिक परिवर्तन ल्याउन लागेको छु भने (हेर्नुहोस्, गोरखापत्र २००४क : १, ४) ।[५]

यसपछि नेपाली राष्ट्रिय काँग्रेसले आन्दोलन स्थगन गर्ने निर्णय गऱ्यो । सत्याग्रहका आन्दोलनकारी धेरैजसो रिहा गरिए पनि मजदुर आन्दोलनका क्रममा पक्राउ परेका बीपी कोइराला, बालचन्द्र शर्मा इत्यादि राजबन्दी रिहा गरिएनन् । पछि, साउनमा, बीपी कोइरालाकी आमा दिव्या कोइराला, नलिनी उपाध्याय इत्यादिलाई रिहा गरियो (गौतम २०५५; अधिकारी २०५९) । आफूहरूलाई रिहा नगरेपछि बीपीले जेलमा अनशन प्रारम्भ गरे । उनको स्वास्थ्य स्थिति ज्यादै नाजुक हुँदै गएपछि भारतीय नेता समेतको दबाबमा

[४] समितिका अन्य सदस्यमा सिंह शम्शेर, कृष्ण शम्शेर, मृगेन्द्र शम्शेर, ब्रह्म शम्शेर, शारदा शम्शेर, विजय शम्शेर, हेरम्बराज पाण्डे, रत्नमानसिंह, गुञ्जमान सिंह र नरेन्द्रमणि आदी थिए । सुवर्ण शम्शेर (नेपाली काँग्रेसका नेता होइनन्) समितिको सदस्य सचिव तोकिए भने कुलनाथ लोहनी सल्लाहकार (पाँडे २०४०) ।

[५] २००४ सालको वैशाखको प्रारम्भदेखि नै संस्कृत पाठशालामा पढेका विद्यार्थीले पठन-पाठनका विषयमा विभिन्न माग राखेका थिए । उनीहरूका माग नसुनिएकाले उनीहरूले असारदेखि नारा-जुलुस गरे । विद्यार्थीको मागलाई दबाउन खोज्दा त्यसले आन्दोलनकै स्वरूप ग्रहण गऱ्यो र राजनीतिक रङ लियो । र, अन्ततः सरकार झुक्न बाध्य भयो (हेर्नुहोस्, शर्मा २०५४) ।

अन्ततः भदौमा बीपी रिहा गरिए (कोइराला २०४०; बस्नेत २०६६) ।[६] कारामुक्त भएर बीपी भारत फर्केपछि नेपाली राष्ट्रिय काँग्रेसमा खास गरी नेतृत्वको विषयमा खटपट शुरू भयो; रेग्मी (डिल्लीरमण) समूह र कोइराला (बीपी) समूहमा काँग्रेस पार्टी भंगालियो ।[७]

यो आन्दोलनले राणा शासकहरूबीच रहेको मतभेद पनि बाहिर ल्याइदियो । क्रमिक सुधारका पक्षपाती रहेका प्रधानमन्त्री पद्म शम्शेरभन्दा उनीपछिको रोलक्रमका मोहन शम्शेरहरूको पक्ष बलियो थियो । पद्म शम्शेर झन्-झन् कमजोर हुँदै गएका थिए (हेर्नुहोस्, पन्त २०३६; पाँडे २०४०; शाह सन् १९९०; जबरा २०६२) । पद्म शम्शेरले गठन गरेको वैधानिक समितिबाट बहादुर शम्शेरले राजीनामा दिएकाले सिंह शम्शेर समितिको सभापति तोकिए (पाँडे २०४०) । यो मतभेदबीच संविधानका मस्यौदामा परिवर्तनहरू गरिए । र, अन्ततः १० महिनाको छलफल र भारतीय संविधान/कानून विज्ञको समेत सहायता लिएर २००४ सालको माघमा पद्म शम्शेरले "नेपालको वैधानिक कानून" नाम दिइएको संविधान तयार भएको घोषणा गरे ।[८]

माघ १३, २००४ मा घोषणा गरिएको यो संविधान वैशाख २००५ देखि कार्यान्वयनमा आउने भनिएको थियो ।[९] तर पद्म शम्शेरले गर्न लागेका सुधारसित शासन-सत्तामा हालीमुहाली भएका चन्द्र शम्शेरका अनुदारवादी छोराहरू खुशी थिएनन् (पाँडे २०४०; शाह सन् १९९०) । उदारवादी मानिएका प्रधानमन्त्री पद्म शम्शेरलाई उनीहरूले धपाई छाडे । संविधान जारी गर्नु एक हप्ताअघि नै पद्म शम्शेरले आफ्नो भाषणमा आफू बूढो र बिरामी भएकाले स्वास्थोपचारका लागि भारत जान लागेको र फर्केर आउने-नआउने

[६] यसपछि पनि अझै राजबन्दीहरू मुक्त हुन बाँकी नै थिए । आफ्नो बन्दी रिहा गर्ने चाहना हुँदाहुँदै पनि भाइहरूको सल्लाह र पुलिस विभागको रिपोर्ट मुताविक रिहा गर्न नसकेको पद्मले संविधान घोषणाक्रममा भनेका थिए (हेर्नुहोस्, अनुसूची १) । यसले उनको निरीहता प्रस्ट्याउँथ्यो ।

[७] बीपी जेलमा हुँदा कार्यबाहक पाएका डिल्लीरमण रेग्मीले बीपी रिहा भइसकेपछि आफू नेतृत्वबाट हट्न नचाहँदा यो विग्रह शुरू भएको थियो (गौतम २०५५; सिंह २०५८) ।

[८] यो संविधान निर्माण गर्ने क्रममा पद्म शम्शेरले जवाहरलाल नेहरू नेतृत्वको भारतीय सरकारसँग पनि सहयोग मागेका थिए । नेपालको संविधान निर्माणमा सघाउन आएका भारतीय विधिवेत्ताहरू निम्न थिए : श्रीप्रकाश, रामउग्र सिंह, बीके गुप्ता, आरबी तिवारी र रघुनाथ सिंह (द सर्चलाइट सन् १९४७बी) ।

[९] यो घोषणा समारोह पद्म शम्शेरको विशालनगर दरबारमा आयोजना गरिएको थियो, जहाँ भारतका राजदूत, बेलायती दूतावासका प्रथम सचिव, भाइभारादार, गुरुपुरोहित, माथिल्ला तहका कर्मचार र अन्य साहू-महाजन-भलाद्मी तथा उच्च कक्षाका विद्यार्थी समेत निम्त्याइएका थिए । मानिसहरूले सुन्न पाउन् भनी टुँडिखेल लगायत ठाउँ-ठाउँमा लाउडस्पिकर पनि लगाइएका थिए (गोरखापत्र २००४ग) ।

निश्चित नभएको बताएका थिए (हेर्नुहोस्, गोरखापत्र २००४ख) । फागुन २००४ मा पद्म भारततर्फ "उपचारका लागि" भनेर गए, र अन्ततः उतै पलायन भए । काठमाडौँबाट मोहन शम्शेरहरूले ताकेता गरेपछि वैशाख (२००५) को आधाआधीमा भारतबाट उनले राजीनामा पठाए, र त्यसपछि मोहन शम्शेर औपचारिक रूपमा प्रधानमन्त्री बने । यद्यपि, पद्म हिँड्ने बित्तिकै मोहन शम्शेरले अनौपचारिक रूपमा सत्ताको बागडोर सम्हाली सकेका थिए (पाँडे २०४०; पराजुली सन् २०२२बी) ।[१०]

नेपालको यो "पहिलो" संविधान जनअधिकारका दृष्टिले निकै कमजोर छ । छ खण्ड र ६८ धारा भएको यो संविधानमा राजनीतिक दल खोल्ने कुरालाई प्रश्रय दिइएको थिएन । यद्यपि, मौलिक हक खण्डमा "संघ [खोल्ने वा आबद्ध हुने] स्वतन्त्रता" राखिएको थियो । तर राजनीतिक संगठन गर्न मनाही थियो । वास्तवमा, यो संविधानमा "राजनीतिक दल" भन्ने शब्दावली नै अटाएको छैन । संविधान घोषणाको समयमा पद्मले आफ्नो भाषणमा भनेका थिए : "मुलुकलाई दल पद्धतिको भूमरीमा धकेली, उम्मेद्वारको योग्यताबाट भन्दा दल वा समूहको बन्दोवस्तको जोरले निर्वाचन हुन जाने प्रथालाई सरकारले कुनै हालतमा प्रोत्साहन दिने छैन" (हेर्नुहोस्, अनुसूची १) । "लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाप नगरी मौलिक हकका विषयमा प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी" मात्र "मौलिक हक" उपभोग गर्न पाइने व्यवस्था थियो (हेर्नुहोस्, धारा ४) । तर, "लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाप" भयो-भएन, वा "प्रचलित नियमको विरोध" भयो-भएन भनेर छुट्ट्याउने आधार प्रस्ट नभएकाले र सो शासकको तजबीजमा चल्ने भएकाले यो संविधानका सीमा प्रस्टै थिए । त्यसमाथि, मुलुकमा रजगज चलाइरहेका राणाहरूको राज-रोलक्रम "अविच्छेद्य" र अपरिवर्तनीय भनेर संविधानको "भूमिका" खण्डमै उद्घोष गरिएको थियो ।

राजाको अधिनायकत्व कायमै राखेर जनताका लागि जनताले नै शासन गर्ने व्यवस्थाका पक्षपाती नेपाली काँग्रेस वा त्यस पार्टीका गणेशमान सिंह जस्ता नेताहरूलाई उक्त निम्छरो संविधान रुच्ने कुरै थिएन । त्यसैले, पनि संविधान घोषणा लगत्तै बोलाइएको नेपाली राष्ट्रिय काँग्रेसको अधिवेशनले सर्वसम्मतिले उक्त संविधानलाई अस्वीकार गर्ने र अहिंसात्मक आन्दोलनलाई सशक्त ढंगले अघि बढाउने निर्णय गरेको थियो (युगवाणी २००५ख; बस्नेत २०६६ : ९९) । काँग्रेसको तर्फबाट नयाँ संविधान सांगोपांग अध्ययन गरेर सोबारे अधिवेशनमा प्रस्ताव राख्नेमध्ये गणेशमान सिंह मुख्य थिए । सो प्रस्तावलाई कृष्णप्रसाद भट्टराईले समर्थन गरेका थिए (हेर्नुहोस्, युगवाणी २००५ख) । सम्भवतः सोही अध्ययनको

[१०] आफू औपचारिक रूपमा प्रधानमन्त्री हुनुअघि नै मोहन शम्शेर सिंहदरबार सरेका थिए भने लगत्तै (२००४ सालको चैत मसान्तमा) नेपाली राष्ट्रिय काँग्रेसलाई नेपालभर प्रतिबन्धित गरेका थिए (हेर्नुहोस्, गोरखापत्र २००४ङ) ।

उपज रहेको संविधानबारेको सिंहको टिप्पणी काँग्रेस पार्टीको अघोषित मुखपत्र *युगवाणी*मा धारावाहिक रूपमा छापिएको थियो ।[११]

*युगवाणी* साप्ताहिकका सबै प्रकाशित अंक अहिले सम्भवतः कसैसँग छैन । यो आलेख तयार गर्ने क्रममा खोजी गर्दा करिब ६,३०० शब्दको गणेशमान सिंहको उक्त टिप्पणी २००५ सालको *युगवाणी*का तीन अंक (अंक १४, १५ र १६) मा प्रकाशन भएको पाइयो । यो टिप्पणीको पहिलो खण्डमा पद्म शम्शेरले सो संविधान घोषणा गर्दा दिएको वक्तव्यलाई गणेशमान सिंहले आलोचना गरेका छन् (सिंह २००५क) । अनि दोस्रो र तेस्रो खण्डमा उनले उक्त संविधानका विभिन्न प्रावधानलाई धारागत रूपमा केलाएका छन् (सिंह २००५ख, २००५ग) ।

नेपालको राजनीतिक इतिहास केलाउँदा आदरसाथ लिइने नाममध्ये गणेशमान सिंहको नाउँ माथिल्लो लहरमा आउँछ । उनको साहस र शौर्यबारे नेपाली राजनीतिमा रुचि राख्ने धेरैलाई थोरबहुत जानकारी भए पनि उनको लेखनीबारे थोरैलाई थाहा छ । उनी राम्रो "प्रोज" पनि लेख्थे भन्ने कुराको दसी उनका पुराना लेखहरू छन् । राणा कालमै उनको बेलायती र अमेरिकी सरकार/नीतिलाई आलोचना गरेको लेख *युगवाणी*मा (सिंह २००५घ) र "श्री ३ मोहन प्रभूको स्वर्गारोहण" शीर्षकको निबन्ध *नेपाल पुकार*मा छापिएको छ । मोहन शम्शेर सम्बन्धी निबन्ध ईश्वर बरालद्वारा सम्पादित नेपाली निबन्धहरूको संग्रह *सयपत्री*मा पनि संकलित छ (हेर्नुहोस्, सिंह २०१३ : ३११–३२७) । त्यस बाहेक, *युगवाणी* लगायत अन्य पत्रपत्रिकामा छापिएका लेख-रचनाको संग्रह *सर्वोच्च नेता गणेशमान सिंहका विचार* मृत्योपरान्त प्रकाशित छ (कोइराला २०६५) । यहाँ प्रस्तुत सिंहको टिप्पणीको तेस्रो भाग सोही संग्रहमा पनि संगृहीत छ (हेर्नुहोस्, कोइराला २०६५: ३८–४२) । तर, सो टिप्पणीको सम्पूर्ण खण्ड हालसम्म प्रकाशित भएको नदेखिएकाले, र तात्कालिक समयको राजनीतिक अवस्था र २००४ सालको संविधानका केही पक्षको मिहिन टिप्पणी समेत भएकाले सो आलेखलाई *समाज अध्ययन*को "अभिलेखबाट" खण्डमा पुनः प्रकाशन गर्न लागिएको हो ।

[११] बनारसबाट प्रकाशन हुने *युगवाणी*का तात्कालिक सम्पादकमा लक्ष्मीप्रसाद देवकोटा, नारायणप्रसाद उपाध्याय र कृष्णप्रसाद उपाध्याय (भट्टराई) थिए । त्रिचन्द्र कलेजमा नेपाली र अंग्रेजी पढाइरहेका देवकोटा नेपालको राजनीतिक परिस्थितिप्रति असन्तुष्ट भएर साउन २००४ मा भारततिर (बनारसमा) पलायन भएका थिए । केही महिनापछि (माघ २००४ देखि) उनले *युगवाणी*को सम्पादक भई केही समय काम गरे (पराजुली सन् २०२१क) । तात्कालिक राणा सरकारले यो पत्रिकालाई नेपाली सरहदभित्र वितरणका लागि प्रतिबन्ध लगाएको थियो । बनारसबाट प्रकाशन हुने अर्को महत्त्वपूर्ण पत्रिका *उदय* चाहिँ नेपाली शासक वर्गको पृष्ठपोषण गर्थ्यो । बनारसबाट हुने नेपाली प्रकाशनका केही पक्षको अध्ययन चुडाल (सन् २०२०) मा गरिएको छ । यी प्रकाशनहरूको राजनीति र अन्य पक्षबारे थप अध्ययन-अनुसन्धान हुन बाँकी छ ।

साथै, पद्म शम्शेरले संविधान घोषणा गर्दा दिएको भाषणलाई सिंहले आफ्नो आलेखमा आलोचना गरेकाले, र पद्मको सो भाषण सहजप्राप्य नभएकाले त्यसलाई पनि अनुसूचीमा सामेल गरिएको छ ।[१२]

प्रस्तुत टिप्पणीबाट सिंहले २००४ सालको संविधानको बडो मिहिन पाराले केस्रा-केस्रा केलाएर अध्ययन गरेका रहेछन् भन्ने देखिन्छ । यो संविधानले आवरणमा धेरै कुरा दिएको, धेरै संस्थागत संरचना खडा गरेको र मुलुकलाई एक हिसाबले आधुनिक संसदीय व्यवस्थातर्फ लग्न खोजेको जस्तो देखिन्छ । तर, सिंहले आफ्नो टिप्पणीमा उल्लेख गरे झैँ, गहिरिएर हेर्दा प्रस्ट हुन्छ : यो फगत देखावटी "उदारीकरण" थियो, र श्री ३ नै मुलुकको सर्वेसर्वा थिए । हुकुमी शासनकै अर्को (लेख्य) प्रारूप थियो यो । त्यस्तो देखावटी वा फर्जी वैधानिक व्यवस्था पनि पद्म शम्शेरका भाइ-भारादारलाई रुचेको थिएन । त्यसैले, माथि भनिए झैँ, यो संविधानका प्रणेता पद्म शम्शेर स्वयं नै धपाइएर भारतमा निर्वासित हुन पुगे । त्यसैले, आंशिक रूपमा र छोटो समयका लागि मात्र यो संविधान कार्यान्वयनमा आयो । २००७ सालमा राजनीतिक परिवर्तन भइसकेपछि यो संविधानलाई अर्को "नेपालको अन्तरिम शासन विधान" (२००७) ले प्रतिस्थापन गऱ्यो । अल्पायुमै कालकवलित भएको यो २००४ को संविधानले खासमा २०१९ सालको पञ्चायती संविधानको रूपमा पुनःजीवन पाएको देखिन्छ । यद्यपि, यो पक्षबारे कमै लेखिएको छ (हेर्नुहोस्, बराल सन् २०१२; पराजुली सन् २०२२बी) ।

२००४ सालको संविधान र तात्कालिक राजनीतिक परिवेशलाई थाँती राखी अब भने गणेशमान सिंहको *युगवाणी*मा प्रकाशित माथि उल्लिखित टिप्पणी अध्ययन गरौँ । लेखको हिज्जेमा एकरूपता ल्याउन सामान्य परिवर्तन गरिए पनि बाँकी शब्द र वाक्यगठन इत्यादि जस्ताको तस्तै उतारिएको छ । पत्रिकाको एक कोलमको एक लाइनमा जति वाक्यांश अटाएको थियो सोही अनुरूप नै यहाँ वाक्यांश राखिएको छ । लेख उतार्दा नबुझिएका स्थानमा (?) ले संकेत गरिएको छ । त्यस्तै, सिंहले उद्धृत र उल्लेख गरेका संविधानका धारामा भएका प्रबन्ध तथा पद्म शम्शेरका भाषणका अंशलाई सम्भव भएसम्म पाद-टिप्पणीमा उद्धृत गरिएको छ । संविधानका विभिन्न धारालाई सिंहले किन समस्यामूलक ठानेका होलान् भनेर बुझ्न यसले पाठकलाई थप सघाउने छ ।

[१२] संविधान घोषणा गर्दा पद्म शम्शेरले दिएको भाषणको पाठ पहिले *गोरखापत्र* (२००४घ) मा छापिएको थियो । यो भाषण *युगवाणी*को दोस्रो अंक (२००४) मा पनि प्रकाशन भएको थियो । पन्त (२०३६) मा यो भाषण उतारिएको छ । *युगवाणी* (२००५क : १९–२६) को पाँचौँ अंकमा यो संविधानको पूर्ण पाठ पनि प्रकाशन गरिएको छ । नेपाल ल कमिशनको वेबसाइट (https://lawcommission.gov.np/en/) मा यो संविधानको पूर्ण पाठ उपलब्ध छ ।

## नबज्ने ढ्याङ्ग्रोको सय पटकार

-- गणेशमान सिंह[१३]

नेपालका प्रधानमंत्री श्री ३ पद्मशम्शेरले हालै २००४ साल माघ १३ गते घोषणा गर्नु भएको विधानको विषयमा भूमिकाको रूपमा दिनु भएको भाषण[१४] पढ्दा वा सुन्दा एउटा कुनै धर्मढोंगीले धर्मको महिमाको बखान गरिरहेको हो कि भन्ने प्रत्येक व्यक्तिलाई भान हुनु स्वाभाविकै हो ।

यो बीसौं सदीको प्रजातान्त्रिक जमानामा आफूलाई "प्रजाको सेवक हूँ"[१५] भनी झ्यालि पिटि हिंड्ने श्री पद्मशम्शेर जस्ता तथा कथित सुधारवादी प्रधानमंत्रीले प्रजाको ऐतिहासिक आन्दोलनले विवश भै दिएको वैधानिक सुधारको अनुहार यस्तो छ ।

एकातिर "मौलिक हकका बारेमा, संसारका प्रमुख राष्ट्रहरूमा ती जुन प्रकारसंग प्रचलित छन् हामीले पनि तिनीलाई सोही बमोजिम तर्जुमा गरेका छौं"[१६] भनी मानौं उदारताको पारावारै बगाउन आँटे कि जस्तो गरी जनताको सामुन्ने भाषण दिनु, फेरि अर्कोतिर उही मुखले आफूले पहिले भनेको कुराको पूर्णतः खण्डन हुने गरी "लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ न गरी ... व्यक्तिगत स्वतंत्रता, प्रकाशन स्वतंत्रता आदि-आदिहरू दिने काम भएको छ"[१७] भनी स्वतः विरोधी हुने कुराहरूको चरम सीमा नाघ्नु कहाँसम्म

[१३] यो लेखको थालनीमा लेखक तथा सामग्रीको परिचय यसरी दिइएको छ—"लेखक नेपालको प्रसिद्ध राजनैतिक कार्यकर्ता हुनुहुन्छ । ... यस लेखमा पाठकहरूले यौटा क्रान्तिकारी विचार एवं उद्दाम स्वदेशप्रेमको झलक पाउनुहुनेछ हामी वहाँसँग यस्तै सहयोगको आकांक्षी छौं ।"

[१४] उक्त अवसरमा पद्म शम्शेरले दिएको भाषण *गोरखापत्र*मा प्रकाशित भएको थियो । सो भाषणको उतार अनुसूची १ मा दिइएको छ ।

[१५] पद्म शम्शेर प्रधानमन्त्री भएको १२ दिनपछि (मंसिर २६, २००२ मा) सिन्दूरजात्रा गरिएको थियो । सो दिन टुँडिखेलमा उनले "म जनताको सेवक हुँ" भनेका थिए (पाँडे २०४०) ।

[१६] हेर्नुहोस्, पद्म शम्शेरको भाषण, अनुसूची १ ।

[१७] २००४ सालको संविधानको भाग २, "मौलिक हकहरू," धारा ४ मा भनिएको छ : "लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाप नगरी मौलिकहरूका विषयमा प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा संघ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, ऐनकानूनी पूर्ण समानता, छिटो र सुलभसाथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले वोट गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्ति संरक्षणका हकहरू दिने काम भएको छ ।"

उचित हो । हुन त उहाँ जस्तो वयो-बृद्ध, धवलधी, धर्मनिष्ट, परोपकारी व्यक्तिलाई सुहाउने कुरा त होइन तैपनि उहाँको भय र स्वार्थ-मिश्रित लाचारीमा हामी उहाँमाथि सहानुभूति प्रगट गर्नमा असमर्थ भए तापनि घृणा त कदापि गर्ने थिएनौं ।

फेरि एकातिर "अघि यस विषयमा हाम्रो ऐनकानून अपूरा थिए, ऐले ... गरेका छौं"[१८] भनी जनता प्रति आत्मीयता र सद्भावना-को पराकाष्ठा देखाउनु, अर्कोतिर "दल वा समूहको बन्दोबस्त दिने छैन"[१९] भनी अहमन्यताको कुरा सुन्दा प्रत्येक व्यक्तिलाई खेद हुनु स्वाभाविकै हो । दल वा समूहको पद्धतिलाई नै आज सबै उन्नत देशहरूले उन्नति र प्रगतिको लक्षण सम्झेका छन् भने साँच्चै देशको उन्नति चाहने र "सरकारलाई शिरमा र दुनियाँलाई काखमा राखी"[२०] शासन चलाउने नेपालका शासकवर्गहरूले दल वा समूहको पद्धतिलाई मान्दा "देशमा भै झगडा र अशान्ति फैलन जाने सम्भव छ"[२१] भनी झूठा बहाना गरी दल वा समूहको आधारमा चुनाव हुन नदिने विचार गरी मौलिक हकहरूको शिर काटी निर्जीव मौलिक हकहरू दी जनतालाई सन्तोष गर्न खोज्नु कहाँसम्म उचित हो ?[२२]

यो भन्नु पर्ने कुरो होइन कि आजकाल संस्था बिना राम्रो निष्पक्ष र न्यायोचित चुनाव हुनै सक्दैन । त्यसै त सीधा-साधा केही थाह

[१८] "अगि यस विषयमा हाम्रा ऐन कानून अपुरा थिए, अहिले हामीले तिनलाई हिन्दूस्थान र अरू उन्नत मुलुकको सरह पार्ने उद्योग गरेका छौं ।" हेर्नुहोस्, पद्म शम्शेरको भाषण अनुसूची १ ।

[१९] "मुलुकलाई दल वा पद्धतिको भुँवरीमा धकेली उम्मेद्वारको योग्यताभन्दा दल वा समूहको बन्दोवस्तको जोरले निर्वाचन हुनजाने प्रथालाई सरकारले कुनै हालतमा पनि प्रोत्साहन दिने छैन ।" हेर्नुहोस्, पद्म शम्शेरको भाषण, अनुसूची १ ।

[२०] "सरकारलाई शिरमा, दुनियाँलाई काखमा राखी शास्त्रोक्त हिन्दू वैधानिक राज्यको झण्डा फर्फराई हामीले राजा रैतीको धर्म थितिबाट काम चलाइआएका छौं ।" हेर्नुहोस्, पद्म शम्शेरको भाषण, अनुसूची १ ।

[२१] "मुलुकभरका असल, लायक र जेहनदार निर्वाचित प्रतिनिधि केन्द्रमा आई सरकारलाई मद्दत गरून् भन्ने अभिलाषा सरकारको छ, तर यो निर्वाचन वा चुनावको सिलसिलाले गर्दा मुलुकमा झैझगडा र अशान्ति फैलिन गयो भने बडो नराम्रो कुरा हुन जानेछ, सो सरकारले कदापि हुन दिने छैन ।" हेर्नुहोस्, पद्म शम्शेरको भाषण, अनुसूची १ ।

[२२] गणेशमान सिंह, बीपी कोइराला लगायतले राजनीतिक दल खोलेर सोही मार्फत शासकीय स्वरूप र सामाजिक संरचनामा परिवर्तन ल्याउन खोजेकोमा सो कार्य नै वैधानिक हिसाबमा अस्वीकार गरिँदा उनीहरूमा असन्तोष हुनु स्वाभाविकै हो ।

न भएका नेपालका जनना उसमाथि शासकवर्गहरूका दलालहरूको मिथ्या प्रचारको फन्दामा सजिलैसंग फस्न जाने विचरा जनताले आफ्नू संस्था बिना यो कसोरी छुट्याउन सक्लान् कि यो मान्छे आफ्नै हो या ऊ मान्छे आफ्नू होइन ? संस्था भनेकै यस्तै भ्रामक प्रचारको शिकारले किंकर्त्तव्य विमूढ भई आश्रयहीन भएका जनताको लागि आश्रय घर हो । आजकालको संसारमा संस्था नै यउटा यस्तो वस्तु छ जसले मिथ्या प्रचाररूपी समुद्रमा, भ्रमरूपी अँध्यारो रातमा, दिशा हराएका जनतारूपी जहाजको निमित्त आलोकमंच (Light House) को काम दिन्छ । अब पाठकवर्गहरू आफै विचार गरून् यो कसरी भन्न सकिन्छ कि जुन चुनावमा जनताको आफ्नू संस्थातर्फबाट चुनाव लडिन्दैन त्यो चुनाव राम्रो र न्यायोचित ढंगले भई त्यस चुनावमा जनताका सच्चा सेवकै प्रतिनिधिको रूपमा चुनिएला ? जनताको दुःखको मर्म बुझी संस्थामा बसी जनताको लागि आफ्नू सब कुछ न्योछावर गरी तपेर बसेका मानिस चुनिन जाँदा त त्यस्तो मानिस पनि त कहिले काहीँ ठाउँमा गएर चिपलिन जान्छ भने ती स्वार्थी सिद्धान्तहीन मानिसहरू जसलाई परदुःख भनेको कुन चराको नाउँ हो केही थाह नभएका त्यस्ता व्यक्तिलाई जनताको प्रतिनिधिको रूपमा चुनि पठाउँदा त्यस्ता व्यक्तिहरूबाट जनताको कल्याणै होला भनी सम्झनु मूर्खता सिवाय अरू के हुन सक्छ ? यो ध्रुव सत्य हो कि जनको कल्याण उही मानिसबाट हुन सक्छ जसले परदुःखमा आफ्नै दुःखको अनुभव गर्दछ । यो पनि मानिएकै कुरा हो कि संसारका कुनै चीज यस्तो छैन जोकि सर्वगुण सम्पन्न होस् । हरेक वस्तुका गुणको साथ-साथै दुर्गुण पनि केही न केही अवश्यै हुन्छ । तर, मनुष्यको कर्तव्य यही हुन्छ कि त्यस वस्तुमा सद्गुणको मात्रा बढ्ता छ कि दुर्गुणको मात्रा बढ़ता छ भनी विचार गर्नु । यदि अवगुण भन्दा गुण बढ्ता छ भने त्यो चीजलाई असल ठानी अपनाउनु उचितमात्र होइन कि कर्त्तव्य पनि हो । हाम्रो भनाइको तात्पर्य यो होइन कि दल वा समूहको आधारमा चुनाव गर्नुमा कुनै किसिमको खराबी छँदैछैन । हामी यो कुरो अवश्यै मान्दछौं कि संस्था वा समूहको आधारमा चुनाव गर्दा त्यसमा केही न केही खराबी अवश्य हुन्छ । तर, साथै हामी यो कुरा पनि मान्दछौं कि समूह वा संस्थाको आधारमा चुनाव हुन

गएमा जनताको सच्चा सेवक प्रतिनिधिको स्वरूपमा चुनिन गई धेरै मात्रामा जनताको कल्याण हुनेछ । यो सर्वमान्य कुरो पनि हो ।

आज संसारमा जस्तै सुकै उन्नत र समृद्धिशाली देश किन न हुन् त्यो देशको सरकारप्रति त्यहाँको जनताले असन्तोष प्रगट गर्दछन्, यदि त्यस देशमा त्यहाँका सरकारले जनताको आफ्नू दल वा समूह बनाई काम गर्न पाउने हकलाई मान्दैनन् भने, जस्तो कि पहिले इटली र जर्मनीमा थियो औ रूस र स्पेनमा आजसम्म छँदैछ । जसले यस्तो सर्वमान्य कुरालाइ मान्दैनमानी खाली दल वा समूहको प्रथा खराब हो भनी आफ्नू लींडे ढिपी देखाई नै रह्यो भने त्यस व्यक्तिको इमानदारी माथि जनतालाई शंका उठ्नु स्वाभाविकै हो । अब त्यो जमाना गयो जब शासकवर्गहरूले जनतालाई गुलियो भन्ने नामोच्चारणले सन्तोष गराई रमाइराख्थे । अब त जनता त्यो गुलियो वस्तु भनेको वास्तवमा गुलियो हो कि होइन भनी मुखमा राखी जाँचि हेर्न चाहन्छ । नत्र भने जनताले श्री पद्मशम्शेरले प्रधानमंत्री हुनासाथ सबै जिल्ला-जिल्लाबाट सबै जनताको सुख-दुख बुझ्नको लागि जनता-बाट चुनि पठाएका प्रतिनिधिहरूको सम्मेलन भनी झूठा नाउँ दी गरेको सम्मेलन[२३] र यो व्यवस्थापक सभामा केही अन्तर देख्ने छैनन् । यहाँ यो कुराको स्मरण रहोस् कि यो माथि उल्लेख गरिएको सम्मेलनमा जमिन्दारहरू सिवाय अरू कोही जनताको खास व्यक्ति निर्वाचित भई गएका थिएनन् न जनताका विश्वासपात्र मानिसहरू नै थिए । हुनलाई त जनताको दुःख-सुख बुझ्नका लागि बोलाएका । जनताबाट पठाइएका प्रतिनिधि सम्मेलन भनी झ्यालि पिटाए । तर, वास्तवमा सय वर्षदेखि शोषित भई, रगत-मासु सुखी, जीवन शक्तिविहीन भएका जनतालाई कुन किसिमसंग शोषण गरे अझै बेसी रस निस्कला भन्ने कुरामा श्री पद्मशम्शेर र अरू जमिन्दारहरूको बीचमा ठूलो सर-सल्लाह भएको थियो । फलस्वरूप आखिरमा "विगहट्टी" भन्ने यउटा नयाँ किसिमको कर लगाई ती रक्तहीन जनताको छालासम्म पनि बाँकी नराखी काट्ने कुराको फैसला भएको थियो । तीन-चार दिन-सम्म राजदरबारको राजसी भोजमा मेहमान भई जमिन्दारहरू आफ्ना-

[२३] पद्म शम्शेर शासनारूढ भएपछि खास गरी मधेशका जमिनदार र गण्यमान्यलाई राजधानी काठमाडौँ झिकाई उनीहरूसँग अन्तर्क्रियात्मक कार्यक्रम गरेका थिए । उनीहरूका माग सम्बोधन गर्दै केही आदेशहरू पनि जारी गरिएका थिए ।

आफ्ना घर फर्के । त्यसपछि मालिकको हुकुम बमोजिम जमिन्दार हरूले उपरोक्त कर रैतीहरू माथि लगाई उनीहरूको घाउमा नून चूक छर्कने काम गरे । श्री पद्मशम्शेरको उक्त आत्म-विरोधी कुराहरूको लक्षण विचार गर्दा यो विधानमा उल्लेख गरिएका जति सभाहरू छन् ती सबैले त्यही उपरोक्त प्राइममिनिष्टर हुनासाथ श्री पद्मशम्शेरले बोलाएको जनता प्रतिनिधि सभाका नाउँमा जमिन्दारहरूको सभाको रूप लिने अवश्यम्भावी छ । इतिहास साक्षी भएको कुरामा त यी शासकवर्ग भनाउँदाहरूले सरासर झूटो बोली अर्थको अनर्थ गर्नमा कत्ति संकोच मान्दैनन् भने माथि उल्लेख गरिएका पार्लियामेंट र म्युनिसीपैल्टीमा निर्वाचन गर्ने चेष्टा गऱ्यौं भन्ने किसिमको निराधार मनगढन्त कुराहरू दुनियाँका सामने राखी यी निर्लज्जताका साकार मूर्ति शासकवर्गहरूले दुनियाँलाई ठग्नुमा के मात्र बाँकी राख्लान् भन्ने कुरा दुनियाँ आफै विचार गरून् । जस्तो कि उहाँले आफ्नू "ऐतिहासिक" भाषणका एक ठाउँमा भन्नुभो—"यस मुलुकमा ... सक्ने कुरा हो ।"[२४]

"यस मुलुकमा ... सुम्पिन गएको हो"[२५] भन्ने कुरामा सत्यता-को अंश के कति छ त्यो त संवत् १९०१ साल (२५ अक्टूबर १८४६) को एक व्याहान भर्खर उठी आँखा मिच्दै श्री जंगबहादुर र उनका अरू भाइहरूले मिली कोतमा गरेको षडयन्त्रमा काटिन गएका निशस्त्र दुनियाँ र भारादारहरूको अन्तिम चित्कारको प्रतिध्वनिले बताउनेछ । साथै श्री राजेन्द्रविक्रम शाह र उनकी महारानी सुश्री राज्यलक्ष्मीदेवी-लाई श्री जंगबहादुरले कुन किसिमको षड्यंत्रगरी शासनको बागडोर

[२४] "यस मुलुकमा वारंवार हलचल भै रक्तपातले गर्दा शान्ति सुख हराई यो राज्य डुब्नलाग्यो, हाम्रो स्वाधीनता समेत हराउन आट्यो भनी दुनियाँ भारादार र सरकारको सम्मतिले हाल चलिरहेको थिति चलाई राणाजीलाई राज्यको मुख्य अभिभार सुम्पन गएको हो । राणाजीको हातमा हुकूम आएको सय वर्ष नाघ्यो । यो सय वर्षमा ऐनकानून र स्थिति, शान्ति सुरक्षा र अभय, भित्र बाहिरको सलतनत, र देशोन्नति के कति भयो मैले भन्नेभन्दा इतिहासले बताउनेछ । एकतर्फ विशाल चीन साम्राज्य अर्कोतर्फ अंग्रेजी शक्तिको उर्लंदो बाढी उठेर आएको समयमा समेत बीचमा पर्नगएको यो सानु पहाडी देशको स्वतन्त्रता कायम गरी संसारमा नेपालले स्वाधीन राष्ट्रहरूका बीचमा आफ्नो स्थान कायम गरी राख्नसक्नु यो पनि देशका शासक राणाजीहरूले न्यायोचित गर्व लिन सक्ने कुरा हो ।" हेर्नुहोस्, पद्म शम्शेरको भाषण, अनुसूची १ ।

[२५] हेर्नुहोस्, पादटिप्पणी २४ को पहिलो वाक्य ।

हात पारे भन्ने कुराले पनि श्री पद्मशम्शेरको उपरोक्त कुरामा सत्यता-को अंश कहाँसम्म छ भन्ने बताउँने छ ।

यदि श्री पद्मशम्शेरको भनाई अनुसार दुनियाँ, भारादार र सरकार-को सम्मतिले राणाजीलाई राज्यको मुख्य अभिभार सुम्पिन गएको हो भने निर्वासित राजा श्री राजेन्द्रविक्रम शाहलाई सिंहासनारूढ गराउनाका निमित्त त्यही दुनियाँले श्री जंगबहादुर जस्तो लोकप्रिय प्रधानमंत्री को विरुद्धमा बार-बार विद्रोह न गर्नु पर्ने थियो । अर्को कुरा, निर्वासित भइसकेपछि श्री राजेन्द्रविक्रम शाहकी जेठी महारानी साहेबा आफूमाथि लगाइएका निषेधाज्ञा उल्लंघन गरी फेरि नेपालमा फर्कनुहुँदा श्री जंगबहादुरले उहाँ महारानी साहेबालाई बीच बाटामा पक्री थुनुवा गरी ल्याउनु भनी दी पठाएको हुकुमलाई उल्लंघन गरी पल्टनदेखि लिएर सारा जनताले उहाँ महारानी साहेबाको धूमधाम स्वागत न गर्नु पर्ने थियो । श्री जंगबहादुरले पनि श्री ५ महाराज-धिराजसम्म हुने सुखस्वप्नलाई चटक्क त्यागी विवश भई उहाँ महारानी साहेबाको जेठा छोरा श्री सुरेन्द्रविक्रम शाह (जो कि त्यस बेलासम्म नजरबन्दै हुनुहुन्थ्यो) लाई फेरि राजगद्दीमा राखी विक्षुब्ध र असन्तुष्ट जनतालाई सन्तोष र सान्त्वना दिनु नपर्ने थियो । अर्को कुरा, राणा शासनको सय वर्षको अवधिमा शासन सम्बन्धी कुनै किसिमको अधिकार आफ्नो राजाको हातमा न रही खाली कठपुतली-को स्वरूपमा श्री ५ महाराजधिराजलाई गद्दीमा अपमानित गरी राखेको देख्दा श्री ५ महाराजधिराजकै हातमा शासन सम्बन्धी पूर्ण अधिकार सुम्पनका लागि जनताले राणा शासन पद्धतिका विरोधमा कैयौं पटक असफल विद्रोह गरी आफ्नो रगतले भाचाकुशी र बागमतीको पानीलाई रङाई पवित्र पार्नु न पर्ने थियो । राणा शासनलाई जनताले कत्तिको रुचाउँदा रहेछन् भन्ने कुरा ती शहीद-हरूका रगतले रङिएको ती बागमती र भाचाकुशीको पानीको कलकल ध्वनि मात्र होइन कि अरू यस्ता कैयौं शहीदहरूको रगत मासूको मलले सप्रेका भँडारखालका ती मौन रूखहरूले पनि मूक वाणीमा बताउने छन् ।

श्री ३ पद्मशम्शेरले इतिहास सत्य भएको कुरामा यहाँसम्म असत्य-को आश्रय लिनु भयो कि हाम्रो स्वाधीनता समेत हराउन आँट्यो भनी दुनियाले राज्यको मुख्य अभिभारा राणाजीका हातमा सुम्पेका हुन् ।

यो कुरा सबैलाई विदितै छ कि नेपालको स्वाधीनता अंग्रेजले खोस्न खोज्दा ई. १८९४–१६ सम्म अर्थात् दुई वर्षसम्म अंग्रेजसंग लडाई हुँदा कलिंग र कांगडाका दुर्गहरूको रक्षा गर्न बसेका ती वीर बलभद्र र अमर सिंह थापाहरूको नेतृत्वमा नेपालका सपूतहरूको कुरा त छाडिदिनोस् नेपाली वीरांगनाहरू र बच्चा-बच्चाहरूले समेत आफ्नो प्राण अर्पी आफ्नो मातृभूमिको लाज रक्षा गरी अंग्रेजहरूको नेपालमा आधिपत्य स्थापित गर्ने प्रयासलाई निष्फल गरेका थिए। यो कुरा पनि जनतालाई विदित हुनु पर्छ कि श्री ३ जंगबहादुरले शासनसूत्र हात पर्ने भन्दा अघिसम्म अर्थात् श्री ५ राजेन्द्रविक्रमशाहको पालोसम्म नेपालमा अंग्रेजहरूले रेजिडेंसी कायम गर्न सकेका थिएनन्, खाली नेपालको शासन-शक्ति श्री ३ जंगबहादुरका हातमा गइसकेपछिमात्र अंग्रेजले नेपालमा आफ्नो रेजिडेंसी कायम गरी नेपालको स्वतंत्रतामा आघात गरेको हो। अब पाठकहरू आफै विचार गर्नोस् वास्तवमा कसले नेपालको स्वतंत्रता बेच्यो ?

फेरि, श्री ३ पद्मशम्शेरले भनेको छ कि यो सय वर्षमा ऐन कानून र स्थिति, शांति, सुरक्षा र अभय, भित्र-बाहिरको सल्तनत र देशोन्नति के कति भयो मैले भन्नु भन्दा इतिहासले बताउने छ। उहाँको यो सत्योद्गारको हामी सराहना गर्दछौं। यो राणाशासनको सय वर्षमा देशोन्नति के कति भयो त्यो त नेपालको सालिन्दा आम्दानी १० करोडका दरले सय वर्षभित्र जनताको रगत, पसीनाको कमाईको १० अरब रुपैयाँ र श्री ५ पृथ्वीनारायण शाहका पालो देखिन् श्री ५ राजेन्द्र विक्रमशाहको पालासम्म आकस्मिक आपत्कालमा जनताको रक्षार्थ राज्यकोषमा थुपारी राखेको लाखौं रुपैयाँ हजम गरी राज्यकोष सुखा पारी विदेशी बैंकमा जम्मा गरी आफ्ना छोरा नातीहरूलाई पोसी एक करोड जनतालाई अर्द्धनग्न, भोका अशिक्षित र धर्मान्ध पारेको कुराले आफै बताउने छ। साथै सय वर्षको राणा शासनमा एक करोड जनताका लागि दुइटा हाई इंग्लिश स्कूल त्यो पनि राजधानीमा मात्र र रासायनिक अनुसन्धानको निम्ति महीनाको ५०) रुपैया सम्मको खर्चको दरबन्दी गरिएको आइ यस्सी क्लाससम्म पढाउने यौटा थोत्रो कालेज, दुइटा नाममात्रको अस्पताल र अरू यस्तै नगण्य साना तीना कामहरूले बताउने छन्।

"ऐन कानून र स्थिति" कतिको राम्रो छ भन्ने कुरा त्योत बिना कसूरमा बीस-पच्चीस वर्ष देखिन् मुद्दा सुनवाई हुनत परै जावस् मुद्दा जाँचसम्म नभई थुनुवामा त्यसै सडी बस्ने एक तिहाई कैदीहरूको दुर्दशाले आफै बोल्ने छ । "शान्ति सुरक्षा र अभय" को विषयमा सय वर्ष देखिन् लगातार चलिआएको कर्फ्यूआर्डर, बिना कसूर जेलमा सडाई-सडाई मानिसहरूलाई मार्ने, बिना कसूरमा जनताको धन-माल जब्ती गर्ने र आर्काको इज्जत बेइज्जतको परवाहै नराख्ने कुराले आफै बताउने छन् । साथै मौलिकहकहरूको विषयमा हालसालै अस्तीमात्र घोषणा गरेको विधानमा लेखिएका कुराहरू मध्ये "व्यक्तिगत स्वतंत्रता, धार्मिक स्वतंत्रता छिटो र सुलभसाथ पाइने इन्साफ, मुलुकभर र व्यक्तिगत संपत्ति संरक्षणका हकहरू दिने काम भएको छ"[२६] भन्ने कागजी घोषणाबाट पनि राणाहरूले नेपालमा जनतालाई कत्तिको शांति, सुरक्षा र अभय दी राखेका रहेछन् भन्ने कुरा राम्रै बुझिन सकिन्छ । यदि नेपालभित्रका एक करोड जनतालाइ अर्द्धनंगा, भोका अशिक्षित र धर्मान्ध बनाई राख्नु र साथै नेपालमा आफ्नो राम्रो गुजारा हुन नसकी ४० लाख नेपालीहरू विदेशमा गई बेयरा, बाबर्ची, दरबान जस्तो निकृष्ट पेशा अपनाई आफ्नो पेट पाली बस्नु नै शांति, सुरक्षा र अभयको लक्षण हो भने श्री ३ पद्मशम्शेरले भन्नु भएको कुरामा केही सत्व अर्थात् सार छ भनी मान्नै पर्छ । देशको स्वतंत्रता यी हाम्रा वर्तमान शासकहरूले कहाँसम्म कायम राखेका थिए भन्ने कुरा त्यो त देशी रियासतहरूमा झैं श्री ३ जंगबहादुरको पाला देखिन लिएर ई. १९२६ सम्म नेपालमा अंग्रेजी रेजिडेन्सी कायम रही नेपालको परराष्ट्र नीति सबै अंग्रेजकै हातमा रहेको र पछि ई. १९२३ मा नेपाललाई नाउँमात्रको स्वतंत्रता घोषणा गरेर रेजिडेंसी-को सट्टामा मिनिस्टरीको लुगालाई भारत स्वतंत्र हुनुभन्दा एकदिन अगाडिसम्म नेपालको परराष्ट्र नीतिको सूत्रधार अंग्रेज नै रहेकाबाट स्पष्ट बुझ्नसकिन्छ । उदाहरणार्थ नेपालले अरू कुनै देशसित युद्ध-घोषणागर्ने र व्यापारिक सम्बन्ध जोर्ने जस्ता ठूला-ठूला कुराहरू त परै जावोस् यूरोपका अरू कुनै जातिका मानिस हरूलाई नेपाल प्रदेश गराउने आदि यस्ता साना-साना कुरामा पनि सरकारले अंग्रेजको अनुमतिको प्रतीक्षा गर्नु पर्दथ्यो । संसारमा

[२६] हेर्नुहोस्, पादटिप्पणी १७ मा उल्लिखित धारा ४ ।

नेपालका वर्तमान सरकारले स्वाधीन राष्ट्रहरूका बीचमा हाम्रो देशको स्थान कहाँसम्म उच्च राखेका थिए भन्ने कुरा त नेपाल सरकारले युद्ध घोषणा न गर्दैमा नेपाल सरकारको पलटनलाई अंग्रेजले आफ्नो शत्रुहरूसंग लडाउन सक्दथ्यो भन्ने कुराबाट मात्र होइन कि साथै नेपाल सरकारले संयुक्त राष्ट्रसंघमा स्वतन्त्र राष्ट्रको हैसियतले सदस्यता पाउनका निम्ति लेखेको दरखास्त संयुक्त राष्ट्रसंघले अस्वीकार गरेको बाट पनि राम्ररी अनुमान गर्न सकिन्छ । यस्ता उदाहरण हजारौं छन् जसबाट राणा सरकारले नेपाललाई उन्नति र स्वतन्त्रताको बदलामा परतन्त्रताको खाल्डामा जाकेको थाहा हुन्छ । हुनत यस्तो फुस्रो आत्मप्रशंसा गर्नु उहाँ जस्ता महात्मा (?)[२७] लाई सुहाउने कुरो त थिएन तैपनि उहाँले आफ्नो मान-मर्यादाको सीमा उल्लंघन गरी गाइनेको काम गर्नु भएकोमा हामी खेद प्रगट गर्दछौं । वास्तवमा श्री पद्मशम्शेरको यसमा केही दोष छैन । वहाँले त खाली लाचारीवस ग्रामोफोनको काममात्र गर्नु भएको हो नत्रभने संसारको नियम बमोजिम सब भन्दा पहिले सबै राजनैतिक कैदीहरूलाई छाडी दिई आफूले गरेको घोषणाको इमानदारीको सबूत दुनियाँका सामुन्ने राख्नु त कहाँ कहाँ झन उल्टा प्रधानमन्त्रीको हैसियतले दुनियाँका सामुन्ने नागरिक हकको साथ-साथै राजनैतिक कैदीहरू पनि छाडिने-छन् भनी गरेको प्रणको केही ख्याल नराखी “उनका सहयोगीहरूले हाम्रो छिमेकी मुलुकमा सन् १९४२ मा ... भएकोले रिहाई दिन सकिएन”[२८] भनी धृष्टतापूर्वक यौटा बाहाना गरी दुनियाँको प्रति दर्शाएको त्यत्रो आत्मीयता र उदारतालाई उपहासमा परिणत न गर्नु पर्ने थियो । हुनत भूतपूर्व प्रधानमन्त्री श्री युद्धशम्शेरले पनि यस्तै किसिमले विवश भै प्रधानमंत्रीको पद त्यागी जान लागेको बेलामा “२–४ जना सरकारको विरोधमा काम गर्ने र अरू लहिलहिमा लागी काम गर्ने २–४ जना सीधा-साधा मानिसहरूलाई पनि छोड्ने काम भएको छैन” भन्ने आशयको अहंकारपूर्ण वाक्यहरूको प्रायश्चित्त

[२७] मूल प्रतिमै “महात्मा (?)” लेखिएको ।

[२८] “बाँकी रहेकाको हकलाई उनका सहयोगीहरूले हाम्रो छिमेकी मुलुकमा सन १९४२ मा राजनैतिक आन्दोलनले गोलमाल र रक्तपातको रूप लिएको दृष्टान्त देखाई धमकी दिने गरेकोले यस्तो अवस्थामा दया र सद्भाव देखाउने मौका छैन भन्ने मेरा भाइहरूको सल्लाह र पुलिस विभागको रिपोर्टसमेत भएकोले अहिले तिनलाई रिहाइ दिन सकिएन ।” हेर्नुहोस्, अनुसूची १ ।

श्री पद्मशम्शेरले दुनियाँका सामुन्ने छारो हाली रोई गर्नु परेको थियो । अब श्री पद्मशम्शेरले भन्नु भएको उपरोक्त व्यंगपूर्ण वाक्यको प्रायश्चित्त कसले कुन प्रकारले गर्नु पर्ने छ त्यो समयले नै बताउने छ । यो भो हाम्रो तथाकथित सुधारवादी प्रधानमन्त्री श्री ३ पद्म शम्शेरजंगबहादुर राणाको भाषणको समालोचना । समालोचना के भनौं असन्तोषको रुपमा प्रगट गरिएको हृदय भित्रको आगो ।

अब प्रधानमंत्रीको सर्वाधिकार र सर्बमान्यता पहिलेको झैं अटल र अक्षुण्ण रहने, संसारमा कहीं जोडा न पाउने किसिमको अभूतपूर्व अजीव ढंगको विधानको खोक्रोपनमाथि समालोचना गर्ने धृष्टता गर्दछु ।

वैधानिक कानून भाग १ को धारा ३ मा श्री ५ महाराजाधिराज र "श्री ३ महाराजको गद्दी ... अविच्छेद रहने छ"[२९] भनी लेखिएको बाट साफ यही बुझिन्छ कि राणा सरकार कुनै हालतमा पनि आफ्नो अधिकार छोड्न चाहन्न । श्री ५ महाराजधिराजको उत्तराधिकार कायम राख्ने कुरा जनताले पनि मानिआएको हो । तसर्थ यस कुरालाई हामी पनि मान्दछौं । तर श्री ३ महाराजको गद्दी रोलको उत्तराधिकार कायम राख्ने कुरा जनताको आफ्नू सिद्धान्त र उद्देश्यका विरोध भएको हुनाले जनताले कदापि मान्ने छैन । फ्रान्सको राजा लुई चौधौंले "मैं राज्य हूँ" भनी भनेको जस्तो कुरा हो । प्रधानमन्त्रीको गद्दीको उत्तराधिकारको हक न जनताले आफ्नो खुशीले दिएका थिए न यो राणाको कुनै बपौती नै हो । अनधिकार वस्तुको दावा गर्नु अनुचित मात्र होइन कि अमानुषिक पनि हो । यो त दुनियाँ र आफ्नो बीचमा झगडा बढाउने कुरा मात्र हो । यसले उभय पक्षको हानि सिवाय केही असल गर्ने छैन ।

भाग २ धारा ४ मा मौलिक हकहरूको विषयमा "लोक नीति र सदाचारका ... दिने काम भएको छ" भनी लेखिएकोमा "लोक नीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ नगरी र हाल प्रचलित र नयाँ बन्ने नीयम र ऐनको विरोध नगरी"[३०] भन्ने वाक्य जोडी

[२९] भाग १, "भूमिका," धारा ३ मा भनिएको छ : "श्री ५ महाराजाधिराज र श्री ३ महाराजको गद्दी रोलको उत्तराधिकार परम्परादेखि चलिआएको रीत रिवाज बन्देज कानूनबमोजिम कायम रही सँधैको निमित्त अपरिवर्तनीय र अविच्छेद्य रहनेछ ।"

[३०] हेर्नुहोस्, पादटिप्पणी १७ मा उल्लिखित धारा ४ ।

मौलिक हकहरूलाई खोक्रो र निर्जीव न "पारेको भए उत्तरदायी शासनको पहिलो खुडकिलो स्वरूप मौलिक हक पाई" तिमीहरू न लिने भन्ने दोषबाट बचेकोमा जनतालाई पनि सन्तोष मिल्ने थियो र साथै "हामी न दिने" भन्ने दोषबाट आफ्नू पनि "मइले गर्न आटेका कुरा आज तिमीहरू सबैलाई सुनाउन पाउनाले आज मेरा दिल जति खुशी भएको छ त्यति खुशी मेरो जिन्दगीमा कहिल्यै भएको थिएन न पछि कहिल्यै होला"[३१] भनी नकली खुशीको उद्गार प्रकट गरी आनन्द विभोर हुनुको सट्टामा वास्तविक सत्-चित आनन्दमा प्राप्त हुने सुवर्ण मौका श्री पद्मशम्शेरले पनि हासिल गर्न सक्नु हुने थियो ।

"लोक-नीति र सदाचारका सिद्धान्तको बर्खिलाप न गरी" भन्नाको मतलब त राणाहरूले आफ्नू प्रधानमंत्री को अतिजीविचक्र सधैंको निमित्त न भए पनि, कमसे कम सन्तान दर सन्तानसम्म कायम राख्ने विचारले जनतामाथि जबर्दस्ती लादेको उही अन्ध परिपाटी र उही सडेको गलेका बूढी-रूढ़ितर्फ निर्देश गरेको देखिन्छ । "हाल प्रचलित ऐन र नियम" भन्नाले राणाहरूले निसंकोच र निर्दयता पूर्वक दुनियाँमाथि मनमाना अत्याचार गर्ने अधिकारको विरोधमा दुनियाँले चुइँक्क बोल्न नपाउने कुरातिर संकेत गर्दछ । साथै "नयाँ बन्ने ऐन र नियमहरू" का रूप-रेखा भाग १ को धारा ३ मा "श्री ३ महाराजको गद्दीको रोलको अधिकार सधैंको निम्ति अपरिवर्तनीय र अविच्छेद्य रहनेछ"[३२] भनी उल्लेख गरिएको वाक्यबाट राणाहरूले जन्माधिकारको रूपमा सय वर्षदेखि उपभोग गरी आएका राणा पद्धति-को सिलसिलेवारको विरोधमा दुनियाँले मुखसम्म बाउन न पाउने उही पुरानो कानूनको प्रतिच्छवि हुनजाने नै धेरै सम्भावना देखिन्छ । भाग ३ धारा ६ मा "यस कानूनमा लेखिए बमोजिम ... संचालन हुनेछ"[३३] भन्ने कुराबाट पनि कांचुली मात्र फेरि उही पुरानो ऐन नयाँ ऐनको रूपमा आउने छ भन्ने कुरा स्पष्ट बुझिन्छ । अब दुनियाको

[३१] पद्म शम्शेरको भाषणको अन्तिम अनुच्छेद; अनुसूची १ हेर्नुहोस् ।

[३२] हेर्नुहोस्, पाद टिप्पणी २९ मा उल्लिखित धारा ३ ।

[३३] भाग ३, "कार्यकारिणी सभा," धारा ६ मा भनिएको छः "यस कानूनमा लेखिएबमोजिम नेपालको शासन अधिकार श्री ३ महाराजमा रहेको हुनाले शासन सम्बन्धी सबै काम मौसूफबाटै वा आफ्नू अधीनका कर्मचारीहरूद्वारा सञ्चालन हुनेछ ।"

प्रति शासकवर्गहरूले त्यत्रो उदारता देखाई बरदानको रूपमा दिएको मौलिक हकहरूमा केही सत्व र सार रहेनछ भन्ने कुरा स्पष्ट देखियो । (क्रमशः)

[यहाँदेखि तल अंक १५ मा प्रकाशित सामग्री]
अब आयो केन्द्रीय सभा । यस सभामा मुख्यतः दुई सभाहरू र साधारणतः अरू साना-साना समितिहरू पनि रहने छन् । मुख्य सभाहरू मध्ये एउटा राष्ट्रसभा, अर्को भारादारी सभा हुन् । फेहरिश्त (ख) धारा २२ (क) बमोजिम प्राइममिनिष्टर, राष्ट्र सभा र भारादारी सभा मिलेर व्यवस्थापक सभा बन्नेछ ।[३४] राष्ट्र सभामा जम्मा ७० सदस्यहरू रहने छन् ।[३५] ती मध्ये ३२ जना वालिग मतको आधारमा चुनिएका ३२ जिल्ला पञ्चायतहरूबाट, चार नगर-पंचायतहरूबाट, छ जना भरमुलुकको विशेष प्रतिनिधिहरू-बाट (साहू, महाजन, व्यापारीहरूबाट १, लेख-पढ गरेकाबाट २, सरकारी कर्मचारीहरूको तर्फबाट १ र श्रमजीवीबाट १) गरेर जम्मा ४२ प्रजाहरू चुनिएका हुनेछन् र अरू २८ जना प्रधानमंत्रीबाट मुकर्रर गरेका हुनेछन् । यस सभाको सभापति प्रधानमंत्रीले मुकर्रर गर्नेछन् अरू उपसभापति चाहिँ सदस्यहरू मध्येबाट सदस्यहरूका वोट बाट चुनिने छन ।[३६] भारादारी सभामा जम्मा ३० जना व्यक्तिहरू रहने छन् । ती जम्मै प्रधानमंत्रीले नियुक्त गर्नेछन् ।[३७] यस सभाको सभापति कमांडर-इन-चीफ हुने छन् ।[३८] व्यवस्थापक सभा भन्नाले नाम त निक्कैनै

[३४] धारा २२ (क) मा उल्लेख छ : "श्री ३ महाराज, राष्ट्र सभा र भारादारी सभाबाट नेपालको व्यवस्थापक सभा बन्नेछ ।"

[३५] धारा २२ (ख) मा भनिएको छ : "राष्ट्र सभामा फेहरिस्त 'क' बमोजिमका निर्वाचित र सरकारबाट नियुक्त भएका सदस्यहरू गरी ६० मा नघटाई र ७० मा नबढाई सदस्यहरू रहनेछन् ।"

[३६] धारा २६ (क) मा भनिएको छ : "राष्ट्रसभाको सभापति श्री ३ महाराजबाट मुकर्रर हुने र उपसभापति सवै सदस्यका चुनावद्वारा सदस्यहरूमध्येबाट हुनेछ ।"

[३७] धारा २२ (ग) मा भनिएको छ : "भारादारी सभामा सकभर सवै संस्था, पेसा, रोजगार र विशेष योग्यताद्वारा मुलुकको गौरव बढाएका व्यक्तिहरूको ख्याल राखिबक्सी श्री ३ महाराजका तजबीजबाट घटीमा २० र बढीमा ३० सदस्य नियुक्त गरिबक्सनेछ ।"

[३८] धारा २६ (ग) मा भनिएको छ : "भारादारी सभाको सभापति, कमांडर-इन-चीफ होइबक्सनेछ । सो सभाको उपसभापति श्री ३ महाराजबाट नियुक्त गरिबक्सनेछ ।"

लोभिने खालको छ । तर, यस्को भित्र तथ्य के छ भनी निहाली हेऱ्यो भने केही पनि पाइन्न सिवाय खोक्रोपन । सुइच त प्रधानमंत्री साहेबकै हातमा राख्नु भएछ । व्यवस्थापक सभारूपि बत्ती बल्नु र निभ्नु प्रधानमंत्रीको इच्छामा निर्भर रहन्छ ।

राष्ट्र सभामा जम्मा ७० जना सदस्यहरू मध्ये जो २८ सदस्यहरू प्रधानमंत्रीद्वारा नियुक्त हुन्छन् तिनीहरू जम्मै स्वभावतः पिट्ठूहरू नै हुनेछन् । अरू बाँकी सदस्यहरू पनि जनताले आफ्नू संस्थाका मानिसलाई चुन्न नपाई त्यसै अरूको हा-हामा अर्थात् कागतालीले चुनी पठाएकाहरू भएका हुनाले तिनीहरू मध्ये धेरै जसो जनताको हित हेर्ने न भई खाली आफ्नै स्वार्थ पट्टी लाग्ने खालका हुने छन् अर्थात् प्रधानमंत्रीकै मानिसहरू हुने छन् । यो पनि अवश्यम्भावी छ कि भारादारी सभाका सबै सदस्यहरू प्रधानमंत्रीले मुकर्रर गरिने हुनाले तिनीहरू पनि वास्तवमा जनताको निमक खाएका भए तापनि प्रधान मंत्रीकै निमकको सोझो चिताउनेहरू नै हुने छन् । काग-तालीले चुनी पठाएका भए तापनि कथं कदाचित असम्भव भई ती निर्वाचित सदस्यहरू जम्मै जनताको कल्याण हेर्ने मानिसहरू भएको खंडमा जनताको हित हुने कुनै कुरा राष्ट्र सभामा आएमा कमसेकम त्यस सभामा बहुमतद्वारा स्वीकृत हुनेछ । तर, फेहरिश्त (ख) धारा ३६ (क) बमोजिम राष्ट्र-सभाले मंजूर गरेको कुरा भारादारी सभामा जादा सोही धाराको १,२ मा दिएको अधिकार बमोजिम भारादारी सभा-ले नामंजूर गर्न सक्दछ । यदि नामंजूर गरेको खंडमा सोही धाराको दफा ३ बमोजिम प्रधानमंत्रीले सो कुराको फैसला गर्नाका निम्ति दुवै सभाको संयुक्त सभा बोलाइने छ । यो संयुक्त सभामा, राष्ट्रसभा-मा रहेका २८ र भारादारी सभामा रहेका ३० मिलाउँदा जम्मा ५८ भई पिट्ठूहरूकै बहुसंख्या हुने हुनाले निश्चित छ कि त्यस संयुक्त सभामा जहिले पनि उनीहरूकै बोलबाला भई राष्ट्रसभाले निर्णय गरेको कुरा बहुमतद्वारा अस्वीकृत हुनु । यस्तो व्यवस्थापक सभाबाट देशको उन्नति र जनताको कल्याण होला भनी ठान्नु बाँझो खेतमा विउ रोपी बालीको आशा गर्नु बराबर हो । यो भो व्यवस्थापक सभाको खोक्रोपनको पहिलो नमूना । दोश्रा नमूना यो छ कि कथं कदाचित समय र परिस्थितिले विवश भई उपरोक्त राष्ट्रसभा र भारादारी सभाका कठपुतलीहरूको मन बदली उल्टी गंगा बहन गई राणा

वर्गहरूको स्वार्थमा धक्का पर्न जाने भयो भने फेहरिश्त
(ख) धारा २३ (ख) मा लिएको पूरा अधिकार (भिटो )
बमोजिम प्रधानमंत्रीले संयुक्त सभामा भएको निर्णयलाई रद्द
गरी अथवा व्यवस्थापक सभानै खारेज गरी आफ्नो स्वार्थ
सुरक्षित राख्ने छन् ।[३९] आखिरमा घुमाई-फिराई, राणाको स्वार्थमा कत्ति हानि नभई राणाशाही ज्यूँकात्यूँ नै कायम रहने देखियो । तेस्रो नमूना यो छ कि सोही उपरोक्त फेहरिश्त (क) दफा ५ को अनुसार एक वर्ष वा सो भन्दा बढी कैद भुग्तान गरी छुटी आएका[४०] र दफा ६ को अनुसार जंगीका निजामती जागिरबाट बर्खास्त भई सजाय भुगत गरेकाहरू प्रधानमंत्रीको हुकुमले बाहेक अरू कुनै हालतमा पनि पाँच वर्ष सम्मन् व्यवस्थापक सभामा निर्वाचित हुनु र सदस्य हुनु अयोग्य ठहरिने छन् भनी लेखिएको कुरा ।[४१] अरू संसारमा खाली चोरी वा डकैती खूनी आदि मुद्दामा सजाय पाई कैद भुग्तान गरी आयेकाहरूलाई मात्र कुनै किसिमको निर्वाचनमा भाग लिने निषेध गरिएको देखिन्छ । तर, राजनैतिक मुद्दामा कैद भुग्तान गरी आएका जंगी वा निजामती जागिरबाट बर्खास्त भई सजाय भुग्तान गरेका-हरूलाई कुनै किसिमको निषेध गरिएको देखिंदैन । तर राणा सरकारले घोडा चोर र मूला चोर दुवैलाई बराबर संझेछन् । यस्तो "अंधेर नगरी चौपट राजा" कानून जाहेर गरी आफ्नू बुद्धिको दिवालापन देखाएकोमा केही न केही मतलब अवश्य हुनुपर्छ । साफ मतलब यही छ कि अली जाने-बुझेका मानिसहरू व्यवस्थापक सभामा आएको खंडमा अरू केही गर्न न सकिए तापनि कमसे कम राणाहरूको यो विधानको खोक्रोपनको भंडाफोड गरी देलान् भन्ने ठूलो डर छ । चोरी-

[३९] धारा २३ (ख) मा भनिएको छ : "...श्री ३ महाराजको तजबीज अनुसार एक वा दुवै सभालाई ठाउँ र समय तोकी बोलाउने वा सभालाई स्थगित वा खारेज गरिबक्सनेछ ।"

[४०] व्यवस्थापक सभामा निर्वाचित हुन र सदस्य बन्न अयोग्य ठहरिनेहरूबारे धारा ३० (क) (५) मा भनिएको छ : "यो संविधान जारी नहुँदै वा जारी भएपछि एक वर्ष वा सो भन्दा बढी कैदको सजाय पाएकाहरू । यसमा सजाए पाई छुटकारा पाएको ५ वर्ष वा सो भन्दा अघि सरकारबाट यो अयोग्यता हट्न सक्नेछ ।"

[४१] व्यवस्थापक सभामा निर्वाचित हुन र सदस्य बन्न अयोग्य ठहरिनेहरूबारे धारा ३० (क) (६) मा लेखिएको छ : "निजामती वा जङ्गी जागिरबाट बर्खास्त भएकाहरू । यसमा सजाय भुक्तान गरेको वा ५ वर्ष वा सो भन्दा अगि सरकारबाट यो अयोग्यता हट्न सक्नेछ ।"

डकैती ज्यानमारा मुद्दामा परेका मानिसहरू त जस्तै सुकै समझदार व्यक्तिहरू भए तापनि राणाहरूलाई उनीहरूबाट केही डर छैन किन कि उनीहरूलाई त्यसै कानूनले चुनाव लड्न निषेध छ । अब आए अरू किसिमका समझदार व्यक्तिहरू जसबाट राणाहरूलाई ठूलो आपत आउने सम्भावना छ । जागिरे मानिसहरू अरू साधारण मानिसहरू भन्दा केही न केही मात्रामा बर्ता समझदार भई नै हाल्छन् । त्यसमाथि विशेषतः बर्खास्त हुने मानिसहरू तिनीहरू नै हुन्छन् जोकि आफूमा भएको स्वाभिमान र मानवताको भावनाले गर्दा राणाहरूको मनमानी अत्याचारलाई आँखा चिम्ली सहँदैनन् बरु त्यसको विरोध गर्दछन् । यस्ता किसिमका मानिसहरू व्यवस्थापक सभामा चुनिन गएका खंडमा राणाहरूको निम्ति ठूलो भयावह चीज हुनेछन् । बहाली जागिरदारहरूका हकमा तिनीहरू फेहरिश्त (ख) धारा ३० (क) दफा १ बमोजिम जनताका तर्फबाट चुनाव लड्न निषेध भएका हुनाले, तिनीहरूबाट राणासरकारलाई केही डर हुने संभावना छैन । राणाहरूको निम्ति अर्को महान् डर राजनैतिक मुद्दामा परेका मानिसहरू देखिन् हो । उपरोक्त दुवै किसिमका डर लाग्दा मानिसहरूलाई माथि उल्लेख गरिएको फेहरिश्त (ख) धारा ३० (ख) दफा ५, ६ को "अँधेर नगरी चौपट राजा" कानूनद्वारा निषेध गरीदिएको हुनाले राणाहरूको निम्ति "न रहे बाँस न बाजे बाँसुरी" भने जस्तै कतैबाट कुनै किसिमको डर रहने छैन । त्यसै त खोक्रो व्यवस्थापक सभा उसमाथि धेरै जसो पढे-लेखेका जाने-बुझेहरूका निम्ति त्यो सभा पनि बाइबलमा लेखेको "इडनको बगीचा" मा मनाही गरिएको फल जत्तिकै भो ।

अब सब भन्दा मजाको कुरा यो छ कि व्यवस्थापक सभामा राष्ट्र सभाका तर्फबाट जाने योग्य व्यक्तिहरू नै को बाँकी रह्यो सिवाय राणाहरूको हुक्के, डोले, ददा, ढोके र पिट्ठूहरू ? अनि के छ, जता-ततै आफ्नै राज्य छ । व्यवस्थापक सभामा सदस्यका रूपमा आएका आफ्नू ददा, डोल, ढोकेहरूका सामुन्ने मूर्खहरू मध्ये "टपर्टुइयाँ" भै आफ्नू प्रगाढ योग्यताको प्रदर्शन गर्न पाउने नै भए । अरू साथै सुधार समितिमा एक करोड जनताको भाग्य बनाउने कानून बनाउनलाई जनताको प्रतिनिधिको रूपमा ती आफै चुनिएका पशुभन्दा पनि गए बितेका "स्वामी दिनको रात कहे हम तारे चम-कादें" भन्ने खालका स्वामी भक्तहरू थुपारी नाटक रचेको झैं व्यव-

स्थापक सभामा पनि एउटा ठूलो हँसी-खेलको नाटक रच्ने भए। धन्य ! राणाहरूको लीला अपरम्पार !!

"जुन गोरुको सिंग छैन उही गोरुको नाउँ तीखे" भने झैं जुन सभाको सत्व, शक्ति, अधिकार शून्य छ उही सभाको नाउँ व्यवस्थापक सभा। यसमा दिएका अधिकारहरू जति छन् ती सबै मृग मरीचिका हुन्। उदाहरणार्थ फेहरिश्त (ख) धारा ३२ (क) मा "यो ऐनको हद र सभा विषय नियम भित्र रही सबै सदस्यहरूले सभाको बखत वाकस्वतंत्रता पाउने छन्।" वाकस्वतंत्रता पाउनेछन् भन्ने कुरा अवश्य राम्रो यदि "यो ऐनको हद र सभा विषय नियम भित्र रही" भन्ने वाधक वाक्य जोडी वाकस्वतंत्रतालाई परिहासमा परिणत गरी नदिएको भए। "यो ऐनको हद र सभा विषय नियम भित्र रही" भन्नाले सोही फेहरिश्त (ख) धारा ३४ (ख) मा "श्री ५ महाराजाधिराज र श्री ३ महाराजका उत्तराधिकारी, ओहदा ... अरू कुरा गर्न हुँदैन" भन्ने तर्फ ईशारा गर्दछ।[४२]

फेहरिश्त (ख) धारा ३४ (क) मा "यो कानून सम्बन्धी बने का शर्त र ... गरी बक्सिन हुनेछ" भनी लेखिएको विषयमा "यो कानून सम्बन्धी बनेका ... पाउने छन्" भन्ने कुरा सम्ममा नेपाल भित्र र बाहिर रहेका नेपाली प्रजाहरूको प्रति मानौं प्रजा वत्सल कुनै राजाले आफ्नू प्रजाहरूप्रति प्रजावत्सल र कर्त्तव्यपरायणता देखाएको झैं देखाइएको हुनाले यसको प्रत्येक शब्द प्रशंसनीय र आदरणीय मात्र होइन कि ग्राह्य पनि छ। तर "तर लोकहितको निम्ति ... गरी बक्सिन हुनेछ" भन्ने अर्को वाक्य झुण्ड्याई दिएको हुनाले माथि दर्शाएको प्रजावत्सलता र कर्त्तव्यपरायणको सबै महत्त्व लुप्त हुनगई एक हातले दिएको अधिकार अर्को हातले छिनीली आफ्नू क्षुद्र मनोवृत्तिको परिचय दिएको जस्तो मात्र देखियो।[४३] "लोक-हितको निम्ति हानिकारक" भनेको कुराको मतलब वास्तवमा राणा

[४२] धारा ३४ (ख) मा उल्लेख छ : "श्री ५ महाराजधिराज र श्री ३ महाराजका उत्तराधिकारी, ओहदा, पदवी र विशेष अधिकार सम्बन्धी परम्परादेखि चलिआएका रीत रिवाज, कानून वन्देजमा खलबल हुने कुनै कुराको पनि प्रश्न, प्रस्ताव वा कानूनको मसौदा पेस गर्न वा यस्तै अरू कुरा गर्न हुँदैन।"

[४३] धारा ३४ (क) मा उल्लेख छ : "यो कानूनसम्बन्धी बनेका शर्त र बन्देजको नियमबमोजिम दुवै सभाका सदस्यहरूले सभाको वैठकमा नेपालभर मुलुक वा कुनै खण्डको लागि विदेश वा यहाँ जहाँसुकै रहेका नेपाली प्रजाको हित र शासन व्यवस्थाबारे कानूनको मसौदा, प्रश्न वा प्रस्ताव पेस

हितको निम्ति हानिकारक हो । नत्रभने माथि उल्लेख गरिएको झैं एक हातले दिने अर्को हातले खोस्ने क्षुद्र मनोवृत्तिको परिचय दिनु न पर्ने थियो ।

सुधार समिति खडा गर्नु भन्दा केही दिन पहिले २००३ साल फागुन २ गते श्री पद्मशम्शेरले दिनु भएका भाषणमा "मुलुकको साल बसाली खर्चको विषयमा धेरैलाई भ्रम फैली रहेको हुनाले सो आम्दानी खर्चको हिसाब पनि देखाइनेछ" भनी एक ठाउँमा उल्लेखगरी "सालको दस करोड रूपियाँ राणाहरूले हजम गरिरहेछन्" भन्ने जनताको युक्तिसंगत आक्षेपबाट आफूलाई निर्दोष साबित गर्न सम्मको धाक लगाउनु भएको थियो ।[४४] तर खेदको कुरा यो छ कि फेहरिश्त (ख) को धारा ३५ (क) मा "आर्थिक कानूनको मसौदा विषय ... जसले पेश गरे पनि हुन्छ" भन्ने लेखिएबाट यो स्पष्ट बुझिन्छ कि यो शासकवर्गहरूले न त आफुलाई "सालको दस करोड रूपियाँको दरले जनताको रगत पसीनाको कमाई यी राणाहरूले हजम पारी रहेछन्" भन्ने उपरोक्त आक्षेपबाट निर्दोष सावित गर्ने साहसै गरे न त यिनीहरूले जनताको रगत शोषण गर्ने जुका वृत्तिनै छाड्ने भए । फेहरिश्त (ख) धारा ३८ (ख) को दफा १ मा लेखिएको "मुलुकको आम्दानी उपर खर्च गर्नैपर्ने साल बसालीको खर्चको" विषयमा सोही धाराको (ग) को अनुसार विभिन्न विभागमा हुने खर्च भनी नाउँ दी जम्मा ९ वटा मनमान फाँटवारी खोली धारा ३८ (क) बमोजिम रातो मच्छेन्द्रको भोटो देखाए झैं गरेर दुबै सभामा पेश गरी देखाउन लगाउने छ । जस्तो त्यो भोटोको कथित सत्यताको विषयमा सो भोटो प्रदर्शन गर्ने मानिससित कुनै दर्शकलाई सवाल गर्ने अधिकार छैन, त्यस्तै गरी धारा ३९ (क) को अनुसार ७, ८, ९ को फाँटवारी बाहेक अरू १ देखिन ६ सम्मको विषयमा त्यो बजेट रूपि भोटो प्रदर्शकसित ती दुई सभाका दर्शकको रूपमा

---

गर्न पाउनेछन् । तर लोकहितको निमित्त हानिकारक ठहऱ्याइबक्सेका जुनसुकै कानूनको मसौदा, प्रस्ताव वा प्रश्न जुनसुकै अवस्थामा पनि श्री ३ महाराजबाट रोक्न वा खारेज गरिबक्सिनहुनेछ ।"

[४४] पद्म शम्शेरले फागुन २ गते दिएको भाषण फागुन ३ गतेको *गोरखापत्र*मा छापिएको छ । सो भाषणमा मुलुकको उन्नतिका लागि आफूले थप २२ लाख ६२ हजार निकासा गरेको उद्घोष गरेका छन् । तर गणेशमान सिंहले उद्धृत गरेकै वाक्य चाहिँ *गोरखापत्र*को सो अंकमा फेला परेन (हेर्नुहोस्, गोरखापत्र २००३ : १) ।

प्रस्तर-मूर्ति सदस्यहरूलाई कुनै किसिमको शंका उठाई छलफल गर्ने अधिकार रहने छैन भने त्यो बजेटको महत्त्वै के रह्यो ? त्यो त दुनियाँ-को आँखामा छारो हाल्ने कुटिल चाल मात्र हो । ७, ८, ९ को फाँटवारी भने छलफल सम्मको लागि पेश हुन सक्छ रे । तर, निर्णय गर्ने अधिकार चाहिँ सोही धारा ३८ (घ) को अनुसार श्री ३ महाराज कै हातमा रहने छ भनेको हुनाले यो पनि एउटा दुनियाँलाई धोखा दिने कुचाल मात्र ठहरिन्छ ।[४५] "मुलुकको आम्दानीबाट पुगेसम्म खर्च हुने पटके खर्च" भनी सोही धारा ३८ (ख) दफा दुईमा लेखिएको कुराको विषयमा[४६] धारा ३९ (घ) अनुसार "श्री ३ महाराजको मंजूरी बिना पाउन सक्ने छैन" भनी यसमा पनि श्री ३ महाराजको सर्वमान्यता देखा-इएको हुनाले यो पनि एउटा दुनियाँलाई ठग्ने कुचाल सिवाय अरू केही देखिंदैन ।[४७] आफ्नो स्वार्थमा धक्का हुने भयो भने श्री ३ महाराजको मुखार-विंदबाट मंजूरी भन्ने शब्द निक्लँदै निक्लने छैन । स्वार्थमा धक्का न भई कथं-कदाचित श्री महाराजसित मंजूरी पायो भने पनि धारा ३९ (ग) बमो-जिम सो कुरा पहिले राष्ट्र-सभा रूपि छेकबार र त्यसपछि अर्को भारादारी सभा रूपि छेकबारहरू नाघिरहनु परेको हुनाले एउटा नगण्य स्यानु काम सफल गर्नलाई पनि भगीरथ प्रयासको जरूरत पर्ने देखि-एको छ भने साँचो जनताको फुटेको भाग्य सपार्ने काममा के मात्र प्रयास लाग्ने होला ? यत्तिको छेकबार नाघि सकेपछि पनि धारा ४० मा लेखिएको नियम बमोजिम श्री ३ महाराजको बाहुली निशान लागेपछि मात्र सो कुरा कानूनी निकासा ठहरी पूर्णतामा प्राप्त हुन जान्छ ।[४८] यदि श्री ३ महाराजको बाहुली निशाना लाग्न गएन भने त्यो अपूर्ण नै रहने छ ।

[४५] धारा ३८ (घ) मा उल्लेख छ : "कुनै खर्चको रकम मुलुकको आम्दानीउपर खर्च गर्नैपर्ने सालबसाली रकमभित्र पर्छ पर्दैन भन्ने कुरामा निर्णय श्री ३ बाट गरिबक्सिनेछ ।"

[४६] धारा ३८ (ख) मा भनिएको छ : "यो फेहरिश्तमा तपसीलबमोजिमका भिन्न भिन्न रकम देखाइनेछ—१) मुलुकको आम्दानीउपर खर्च गर्नै पर्ने सालबसाली खर्च र २) मुलुकको आम्दानीबाट पुगेसम्म खर्च हुने पटके खर्च ।"

[४७] धारा ३९ (घ) मा लेखिएको छ : "श्री ३ महाराजको मन्जूरीबिना कुनै अंजामी अंकहरू पेस गरिने छैनन् ।"

[४८] धारा ४० मा उल्लेख छ : "व्यवस्थापक सभाबाट निकासा भएको रुपियाँको फेहरिश्तमा श्री ३ महाराजको वाहुली निशाना लागेपछिमात्र ती रकमहरू कानूनी निकाशा ठहरिने छन् ।"

धारा ३९ (ग) को अनुसार पटके खर्चको निम्ति अंजामी अंक कायम गर्ने अख्तियारी केही मात्रासम्म सभाहरूलाई दिएको देखिन्छ । तर धार ४२ (क) दफा १, २, ३, ४ मा लेखिएका जस्ता मुख्य विषयहरूको कानूनको मसौदा वा संशोधन गर्ने अख्तियार चाहिँ प्रधानमंत्री कै हातमा रहनेछ[४९] भन्नाले बोक्रा जति सभाहरूको हातमा गुदी जति प्रधानमंत्रीको हातमा रहने स्पष्ट बुझियो । यस्तो बोक्रे विधानमा लेखिएको नाउमात्रको अधिकारलाई जनताले रुचाउँदैन कि भने विचार कमसेकम फोस्रो सान्त्वना दी जनताको मन राख्नका निमित्त यस्मा कुनै किसिमको बाधा अडकाउ पऱ्यो भनी ... विचार हुनेछ भन्ने धारा ४३ (ख) मा लेखिएकोबाट बुझिन्छ ।[५०] खाली विचार मात्र हुनेछ, तर अदल-बदल हुने संभावना चाहिँ कमै छ । वास्तवमा अदल-बदल गर्ने नै इच्छाले उपरोक्त धारा लेखिएको भए जाना जानी अदल-बदलै निश्चय गर्नु पर्ने खालको यस्तो विधान पहिले नै बनाउनु न पर्ने थियो । यो सबै जनतालाई धोका दिने शब्दजाल मात्र हो । यस्तो छारोदार घोषणाले जनतालाई कुनै हालतमा पनि चित्त बुझ्ने छैन भन्ने कुराको चाल पाएकोले चित्त नबुझेका जनताले कथंकदाचित कुनै किसिमको गडबडी गरेको खंडमा आफ्नो स्वार्थ-रक्षा गर्नका निमित्त ६ महीना सम्म प्रधानमंत्रीले अस्थायी कानून जाहेर गर्न सक्ने धारा ४६ को नियम बनाइएको बुझिन्छ ।[५१] कथं

[४९] धारा ४२ (क) मा उल्लेख छ : "तपसीलबमोजिमका विषयमा कानूनको मसौदा वा संशेधन सरकारतरफबाट मात्र पेश हुनेछ । (१) कुनै रकम वा कर महसुल लगाउने वा थप घट गर्ने विषय, (२) सरकारी टक विषय, (३) सरकारले कुनै देशी वा विदेशी कर्जा उठाउने विषय, (४) हात हतियार राख्ने र प्रयोग गर्ने विषय ।"

[५०] धारा ४३ (ख) मा लेखिएको छ : "यसमा कुनै किसिमको बाधा अड्काउ पऱ्यो भनी आधा सदस्यहरूले राय पेश गरे भने सरकारबाट बनाइएका नियममा अदल बदल गरिबक्सिन विचार हुनेछ ।"

[५१] धारा ४६ मा उल्लेख छ : "मुलुकभर कतै पनि शान्ति भंग नहोस भन्ना निमित्त श्री ३ महाराजबाट मंत्रीमंडलको सल्लाहले चाहिएको अस्थायी कानून जारी गरिबक्सनहुन्छ तर यस्ता अस्थायी कानून छ महिनाभन्दा बढी जारी रहने छैन । अवस्था सुध्रियो भन्ने ठानीबक्सेमा श्री ३ महाराजबाट बीचमा जुनसुकै बेला पनि सो कानून खारीज गरिबक्सन हुनेछ ।" पछिल्ला संविधानहरूमा पनि यस्तो व्यवस्था गरिएको पाइन्छ । प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रप्रमुखले "अध्यादेश" मार्फत कानून जारी गर्ने व्यवस्था गरिएको देखिन्छ ।

कदाचित यस नियमबाट पनि आफ्नू स्वार्थरक्षा गर्न मुश्किल हुन गएको खंडमा धारा ४७ (क) अनुसार इश्तिहार जाहेर गरी पर-ब्रह्म परमात्माले आफ्नू मायाद्वारा बनाएको सारा ब्रह्माण्डलाई आफैंमा लीन गरे झैं प्रधानमंत्री रूपि परब्रह्म परमात्माले पनि आफ्नू मायाले यो रचेको सबै ऐन कानून धारा ४७ (क) दफा १ बमोजिम आफैंमा खिंची आफ्नो स्वार्थ रक्षा गर्ने छन् ।[५२] यसबाट पनि यही बुझिन्छ कि प्रधानमंत्रीको स्वार्थमा कुनै किसिमको हानि हुन न दिने ।

अब आयो भाग ३ मा लेखिएको कार्यकारिणी सभा । यस सभामा प्रधानमंत्रीलाई मदत र सरसल्लाह दिन निमित्त कमसेकम ५ जना सदस्यहरूको एउटा मंत्रीमंडल रहने छ । ती मध्ये दुई जना व्यव-स्थापक सम्मेलनका निर्वाचित सदस्यहरू मध्येबाट र अरू बांकी प्रधान मंत्रीद्वारा नियुक्त सदस्यहरू मध्येबाट प्रधानमंत्रीले नियुक्त गर्ने छन् ।[५३] यस मंत्री मंडलको अवधि चार वर्षको हुनेछ । यस मंत्रीमंडलको बैठकमा प्रधानमंत्रीले सभापतिको आसनग्रहण गर्नेछन् र उहाँको अनुपस्थितिमा मुख्तियारले सभापतिको आसन ग्रहण गर्नेछन् । यस मंत्रीमंडलका सदस्यहरूका निमित्त कामको बांडफांड र विभाग आदि प्रधानमंत्रीले नै निर्धारित गर्ने छ र त्यस सम्बन्धी नियमहरू पनि उहाँ बाटै बनाइने छन् । (क्रमशः)

[५२] धारा ४७ (क) भनिएको छ : "मुलुकमा कुशासन वा अशान्ति वा दुवै भै यो ऐनबमोजिम शासनपद्धती चलाउने अवस्था छैन भन्ने श्री ३ महाराजबाट कुनै बखत ठहराइबक्स्यो भने इश्तिहार जारी गरी तपसीलबमोजिमको कारवाई गरिबक्सिनेछ । : १) यो कानूनबाट कुनै व्यक्ति वा सभाले पाएको काम वा अख्त्यारी आफैमा खिचिबक्सिनेछ ।" यो धाराले श्री ३ लाई अकूत अधिकार दिएको देखिन्छ, र श्री ३ लाई मन परेन भने सम्पूर्ण शासन व्यवस्था आफ्नो हातमा लिन सक्ने बाटो खोलिदिएको छ । यही धाराकै अर्को स्वरूप २०१५ सालको धारा ५५ मा राखिएको थियो— "संकटकालीन अधिकार" भन्दै, जसलाई प्रयोग गर्दै तात्कालिक राजा महेन्द्रले पुस १, २०१७ मा जननिर्वाचित संसद् विघटन र सरकार खारेज गर्दै शासनसत्ता आफ्नो हातमा लिएका थिए ।

[५३] संविधानको धारा ७ मा उल्लेख छ : "(क) मुलुकको शासन अधिकार संचालन गर्ने काममा श्री ३ महाराजलाई मद्दत र सर सल्लाह दिना निमित्त व्यवस्थापक सम्मेलनका सदस्यहरूबाट एउटा मंत्रीमंडल मुकर्रर हुनेछ । (ख) सो मंत्रीमंडलमा ५ जनामा नघटाई श्री ३ महाराजबाट बखत बखत तोकिबक्सेबमोजिम सदस्यहरू रहनेछन् । सो सदस्यहरूमध्ये कमसेकम २ जना व्यवस्थापक सम्मेलनका निर्वाचित सदस्यहरूबाट मुकर्रर हुनेछन् ।"

[यहाँदेखि तल अंक १६ मा प्रकाशित सामग्री]
मंत्रीमंडलका सदस्यहरू प्रधानमंत्रीले बनाएको नियमको अधीनमा रही प्रधानमंत्रीप्रति उत्तरदायी हुनु पर्ने न कि संसारको नियमानुसार राज्यप्रति । विभिन्न विभागलाई सर-सल्लाह र सहायता दिना निमित्त व्यवस्थापक सभाका सदस्यहरूबाट शासन समितिहरू खडा गरिने छन् । यस शासन समितिका सदस्यहरू छान्नका लागि राष्ट्र सभाबाट एक समिति प्रधानमंत्रीबाट नियुक्त गरिने छ । यी समितिहरू पनि प्रधानमंत्रीकै तजबीजमा रहनेछन् ।

मंत्रीमंडलमा व्यवस्थापक सभाबाट दुईजना जो सदस्यहरू आउंछन् निर्वाचित सदस्यहरूबाट आउने हुनाले प्रधानमंत्रीले मुकर्रर गरेको भएता पनि राष्ट्रसभैबाट आउने छन्; यसमा सन्देह छैन, फेरि यो पनि त भन्न सकिन्न कि राष्ट्र सभामा आएका जम्मै सदस्यहरू जनताकै भलो चिताउने हुन सक्दछन् । चुनावका समयमा शासकवर्गका दलालहरूका बहकाउमा परी सीधा-सादा त्यसमाथि धोकामा परेका जनताले आफ्नै मानिस कुनै हालतमा पनि चुन्न सकदैनन् । भनाईको तात्पर्य यो हो कि धेरै जस्तो खराबै मानिसहरू अर्थात् राणाका पिठ्ठूहरूलेनै जनताको प्रतिनिधित्व गर्ने सम्भावनामात्र होइन कि अवश्यम्भावी पनि छ । जस्तो कि माथि उल्लेख गरिए झैं श्री पद्मशम्शेरले प्रधानमंत्री हुना साथ जनताको दुख-सुख बुझ्न जिल्ला-जिल्लाबाट प्रतिनिधिहरूको सम्मेलन बोलाउँदा त्यस सम्मेलनमा धेरै जसो आफ्नै स्वार्थपट्टी विचार गर्ने मानिसहरू पुगेका थिए ।

यो स्वाभाविकै कुरो हो कि प्रधानमंत्रीले ती व्यक्तिहरूलाई नै मुकर्रर गर्ने छन्, जो कि बाहिरबाट जनताको प्रतिनिधिको रूपमा आएको भएता पनि वास्तवमा प्रधानमंत्रीका कृतदासहरू होलान् । अरू बांकी अनिर्वाचित तीनजना प्रधानमंत्रीद्वारा मुकर्रर हुने सदस्यहरू कस्तो होलान्, भन्ने कुरा पठकहरू स्वयं अनुमान गर्न सक्नु हुन्छ । हाँ, यो अवश्यं-भावि छ, कि प्रधानमंत्रीको पाल्या कुक्कुर भन्दा पनि बढ्ता स्वामी-भक्तहरू आउने छन् । अब यो मंत्रीमंडलका कठपुतली मंत्रीहरूबाट जन-ताको कल्याण कहाँसम्म हुनसक्ला पाठकवर्ग आफै विचार गर्नोस् । तर, अचंभको एउटा कुरा यो छ कि शासकका सेवकहरू जतिसुकै स्वामीभक्त किन न हुन् तर, शासकहरूको उनीहरूमाथि पूर्णविश्वास छैन भन्ने कुरा भाग ३ धारा ९ (ख) दफा २ मा "श्री ३ महाराजको तजबीजमा विश्वासपात्र

ठहरिएन भने झिकिने छन्" भन्नेबाट स्पष्ट जाहेर हुन्छ ।[५४] कदाचित् व्याधा-वाल्मिकीको मन परिवर्तन भए यी कठपुतली मंत्रीहरूको पनि मन परिवर्तन हुनगई जनताको कल्याणतर्फ लाग्ने मनोवृत्ति देखाए भने प्रधान मंत्रीको आफ्नू स्वार्थरक्षाको निम्ति तिनीहरूलाई तुरन्त बर्खास्त गर्ने, उपरोक्त धारा ९ (ख) दफा २ को अमोघशस्त्र प्रयोग गरी आफ्नू स्वार्थरक्षा गर्नेछन् । आखिरमा यही कुरा सावित भयो कि व्यवस्थापक सभादेखि लिएर कार्यकारिणी सभा आदि-आदि सभाहरू र तत् तत् सभाका सदस्य-हरू र मंत्रीहरू यी सबै प्रधानमंत्रीका मुट्ठी भित्रका माखाहरू हुन् । यिनीहरूमा आफ्नू अस्तित्व र व्यक्तित्व भन्ने पदार्थ केही पनि छैन । अब यी अस्तित्वहीन व्यक्तिहरूले वास्तवमा जनताको हित गर्न चाहेका खंडमा पनि केही गर्न सक्लान् भनी आशा गर्नु वृथा छ । कथंकदाचित कोही व्यक्तिले आफ्नू मानसिक कमजोरीले गर्दा यसबाट आफ्नू कल्याणै होला, भनी ठानी आशामा झुण्डी बस्छन् भने त्यस व्यक्तिले सिमलको फूल ढुकी बस्ने सुगाले निराश हुनु परेझैं निराश हुनु पर्नेछ ।

भित्रको गुदी असल छ छैन भनी केही विचार न गरी खाली बाहिरको बोक्रा माथि मात्र दृष्टिपात गरियो भने, यस विधानमा कुनै यस्ता शब्दहरू छैनन् जसले कि चित्त लोभ्याउने न होस् । भाग ४ फेहरिश्त (क) मा लेखिएको पंचायत सभा पनि एक हो, जसमा चित्त आकर्षित गर्ने शक्ति निहित छ ।[५५] त्यसो त नाउँकै मात्र दृष्टिले विचार गरियो भने, व्यवस्थापक सभा, कार्यकारिणी सभा, मंत्रीमंडल आदि-आदि सबै सभाहरू राम्रै छन् । तर, यसको भित्री तहमा हेऱ्यो भने, भित्र रिक्त स्थान सिवाय अरू केही सार वस्तु न हुने हुनाले लाचारवश अप्रसन्नता प्रगट गर्नु, प्रत्येक व्यक्तिको निम्ति स्वाभाविकै कुरा हो । त्यस्तै पंचायत सभाको बाहिर नाउँ जस्तै

[५४] भाग ३, "कार्यकारिणी सभा," धारा ९ (ख)(२) मा "श्री ३ महाराजको तजबिजमा विश्वास पात्र ठहरिएन भने" निजलाई "आफ्नू कामबाट झिकिने" भनिएको छ ।

[५५] यो संविधानको भाग ४, "व्यवस्थापक सभा" अन्तर्गत (क) पञ्चायती सभा खण्डमा धारा १६–२१ मा गाउँ, नगर र जिल्ला पञ्चायतको व्यवस्था (गठनविधि, काम-कर्तव्य इत्यादि) गरिएको छ । २०१९ सालमा बनेको पञ्चायती संविधानले यही राणाकालीन संविधानको नक्कल गरेको देखिन्छ ।

सुकै लोभ्याउने र राम्रो भएता पनि भित्र सार अथवा सत्व नभएको हुनाले पंचायत सभा माथि खेद प्रगट हुनजानु स्वाभाविकै हो ।

भाग ४ फेहरिश्त (क) धारा १६, १७, १८ बमोजिम बालिग मताधिकारको आधारमा ग्राम पंचायत जिला पंचायत, नगर पंचायत हरू चुनिनु राम्रो कुरा हो । तर, माथि उल्लेख गरेझैं अवोध, निर्धो जनतालाई शासकवर्गका दलालहरूले फकाई-फुल्याई, डराई-धमकाई खराब मानिस चुन्न लाउने धेरै संभावना भएको हुनाले जनताको आफ्नू संस्था न भई बालिग मताधिकारमा भएको चुनाव पनि कुनै हालतमा निष्पक्ष र न्यायोचित हुनै सक्दैन । यस निम्ति जनताले नै चुनिएका पंचहरू किन न हुन् तिनीहरूले कुनै हालतमा पनि जनताको खास प्रतिनिधित्व गर्ने छैनन् । वास्तवमा जनताको खास प्रतिनि-धित्व न गर्ने पंचायतको महत्त्व नै के हुन सक्छ र ? साथै यस्तो पूर्वोच्छेदित पंचायतरूपि वृक्ष, व्यवस्थापक सभामा गई पल्लवित भई फल फल्ला भनी आशा कसरी गर्ने ? तसर्थ यदि शासकवर्गहरू वास्तवमा जनताको कल्याणै चाहन्छन् भने जनताको आफ्नू संस्थालाई उनीहरू को भनाईको निम्ति काम गर्न दिने हक दी आफ्नू इमान्दारी र सद्भावनाको परिचय दिनामानै शाककवर्गहरूको कल्याण छ, न कि जनताको न्यायोचित अधिकारबाट जनतालाई सधैं वंचित गरी यस्तो खोक्रो विधान घोषणा गरी जनतालाई बार-बार ठग्न खोज्नमानै ।

न्याय प्रबन्धको विषयमा भाग ५ धारा ५२ (क) अनुसार व्यवस्थापक सभाका सदस्यहरू मध्येबाट १८ जना भन्दा न बढाई त्यस मध्ये २ जना विशेष योग्यता भएका व्यवस्थापक सभा बाहिरका मनिसहरू प्रधानमंत्रीद्वारा नियुक्त हुनेछन् ।[५६] यो धेरै सम्भव छ कि व्यवस्थापक सभा मध्येबाट लिइने १० जना सदस्यहरू धेरै जसो प्रधानमंत्री का पिट्ठूहरू नै हुनेछन् । व्यवस्थापक सभा बाहिरबाट, प्रधानमंत्रीद्वारा नियुक्त गरिने दुई सज्जनहरूको विषयमा त केही भन्नु पर्ने आवश्यकता देखिंदैन । यो निश्चित छ कि उनीहरू पच्चीस आना प्रधानमंत्रीको पिट्ठू नै हुनेछन् । हुन त यो केही खोलेको छैन

[५६] भाग ५, “न्याय प्रबन्ध,” धारा ५२ (क) मा भनिएको छ : “श्री ३ महाराजका व्यवस्थापक सभाका सदस्यहरू मध्येबाट एक न्यायाधिकारी समिति खडा गरिबक्सनेछ । यसमा १२ जनाभन्दा नबढाई सदस्य रहनेछन् । यी मध्ये दुई जनासम्म विशेष योग्यता भएका व्यवस्थापक सभा बाहिरका मानिसलाई पनि श्री ३ महाराजबाट नियुक्त गरिबक्सनेछ ।”

कि न्यायाधिकारी समिति कसले खडा गर्ने ? व्यवस्थापक सभाभित्रैका सदस्यहरूका वोटद्वारा गर्ने वा प्रधानमंत्रीले गर्ने । दुई मध्ये जसले खडा गरे तापनि, त्यो समिति एउटा उपहासै हुनेछ । यसबाट जनता लाई कुनै किसिमको लाभहोला भन्नु पर्दैन । त्यसैत यो समिति बिना मतलबको केही काम नलाग्ने खालको छ, त्यसमा पनि धारा ५२ (ग) को अनुसार यसले जीवनशक्ति प्रधानमंत्रीबाटै पाउने हुनाले यसको प्रसार शक्ति झन् खुम्चिन गएको छ ।[५७]

धारा ५३ (क) को अनुसार नेपालमा एक प्रधान न्यायालय रहने छ ।[५८] सोही धारा ५३ (ख) को अनुसार त्यस न्यायालयमा एक प्रधान न्यायाधीश र अरू १२ न्यायाधीशहरूमा न बढाई प्रधानमंत्री द्वारा आवश्यकतानुसार समय समयमा भर्ना गरिनेछन् ।[५९]

सवाल यो छ कि जुन न्यायालयमा न्यायाधीशहरू प्रधानमंत्री द्वारा भर्ना गरिने छन् भने, त्यो न्यायालय र त्यसमा रहने न्यायाधीश-हरूको आफ्नू स्वतंत्र अस्तित्व भनेको के रहने भो ? औ मंत्रीमंडलका पुतली मंत्रीहरू र यो "बडी दुकान की फिकी पकवान" प्रधान न्यायालय-का पुतली न्यायाधीशहरूको बीचमा अन्तरै के रहने भो ?

धारा ५४ (ख) ले इवाट्ट हेर्दा यो देखाउँछ कि, यी पुतली न्याया-धीशहरूलाई व्यवस्थापक सभाका दुवै सम्मिलित बैठकको निर्णय बाहेक प्रधानमंत्रीलाई आफ्नू खुशी-राजीले बर्खास्त गर्नमा अधिकारै छैन कि जस्तो ! तर, न्यायाधीशका रूपमा न्यायालयको शोभा बढाउने प्रधानमंत्रीका यी कृतदासहरूलाई धेरै जसो बर्खास्त गर्नु पर्न आवश्यक नै पर्दैन । यी विचराहरू प्रधानमंत्रीका इशारामा त्यसै नाची रहने नै छन् । कथंकदाचित बर्खास्त गर्नै पर्‍यो भने, धारा ५४ (ख) को अनुसार व्यवस्थापिका सभारूपि पालतू कुकुर द्वारा अर्थात्

[५७] धारा ५२ (ग) मा भनिएको छ : "यो ऐनको हदभित्र रही यो समितिको रचना र कार्यक्रम विषय नियमहरू समय समयमा सरकारबाट बन्नेछन् ।"

[५८] धारा ५३ (क) मा भनिएको छ : "नेपालमा एक प्रधान न्यायालय रहनेछ ।"

[५९] धारा ५३ (ख) मा भनिएको छ : "प्रधान न्यायालयमा एक प्रधान न्यायाधीश र अरू १२ न्यायाधीशमा नबढाई श्री ३ महाराजबाट आवश्यकता अनुसार समय समयमा भर्ना गरिबक्सनेछ । तर प्रधान न्यायाधीशले सिफारिस गरेमा दुई वर्षको निमित्त श्री ३ महाराजबाट थप न्यायाधीशहरू भर्ना गरिबक्सनेछ । यस तरिकाले भर्ना भएका न्यायाधीशहरूको बहाली रहेसम्म अरू प्रधान न्यायालयका न्यायाधीशसरह नै अख्त्यार हुनेछ ।"

सोही धारा ५४ (ख) को अनुसार न्यायाधिकारी समितिरूपि पालतू कुकुर द्वारा प्रधान प्रधानमंत्रीको एक चुटकीमा न्यायाधीश भनाउँदा मुट्ठीका माखाहरूको काम तमाम हुनेछ ।

कथंकदाचित भूलचूकले न्यायाधीशहरूले "प्रधानमंत्रीको मानिस हुन्" भन्ने कुरा चाल नपाई कुनै व्यक्तिलाई इवाट्ट सजाय दी हाले भने "अपराधीहरूलाई माफी, मिनहा, मोजरा, सजाय घटाउने" अधिकार धारा ५९ ले प्रधानमंत्रीलाई दिएको हुनाले[६०] सोबमोजिम प्रधान न्यायालयका न्यायाधीशहरू झन् हँसीको वस्तु हुनजाने छन् । मौलिक हकहरू देखि लिएर न्यायाधीशहरूका अधिकार सम्म अर्थात् विधानको तल देखि माथि सम्म विचार गरी हेर्दा प्रधानमंत्रीको सर्वोपरि अधिकार अंकुश हरेकमा रहेको हुनाले वास्तवमा राणासरकारले बाह्य आडम्बर मात्र फेरिएको ठहरिन्छ ।

त्यसै त "कागलाई बेल पाकेर हर्ष न विस्मात" भन्ने किसिमको विधान छ, उस्माथि भाग ६ धारा ६८ को अनुसार सातवर्ष सम्म यस्मा कुनै किसिमको अदल-बदल न गरिने, भनी लेखिएको छ ।[६१] सातवर्ष पछि अथवा प्रधानमंत्रीले मुनासिव ठहरायो भने, त्यो भन्दा अगावै एउटा जाँच परिषद् प्रधानमंत्रीले मुकर्रर गरी सो विधान जाँच्न लाउने छन् । यदि उक्त परिषद्ले विधानमा अदल-बदल गर्नु मनासिब ठहरायो भने प्रधानमंत्रीले सो परिषद्को सिफारिशमाथि विचारमात्र गर्नेछन् । तर, अदल-बदल गर्ने कुरा त अझै संदेहजनक छ । किन कि अदल-बदल गर्ने हक परिषद्लाई न दी खाली जाँचबुझ गर्नेमात्र हक दिइएको छ ।

[६०] धारा ५९ मा भनिएको छ : "यो ऐनभित्र परेको कुनै कुराले श्री ३ महाराजबाट अपराधीहरूलाई माफी मिनाहा मोजरा र सजाय घटाइबक्सने अधिकारमा असर पर्नेछैन ।"

[६१] भाग ६, "विविध," धारा ६८ मा भनिएको छ : "यो विधान पद्धति जारी भएको सात वर्ष अथवा श्री ३ महाराजको तजबीजअनुसार हुनसक्ने सो भन्दा अगावै शासन पद्धतिको काम, शिक्षा र उत्तरदायी संस्थाहरूको प्रचार इत्यादिबारे जाँचबुझ गर्ना निमित्त एक परिषद् मुकर्रर गरिबक्सनेछ । सो परिषद्का सदस्यहरूमा लगभग आधा व्यवस्थापक सभाले आफ्नो सदस्यहरूमध्येबाट छान्नेछ । सो परिषद्ले अहिले स्थापित भएको शासन पद्धति कतिसम्म थपघट वा अदलबदल गर्न मनासिव हुन्छ सो बारे जाहेरी पेश गर्नेछ । यो परिषद्ले श्री ३ महाराजबाट हुकुम बक्सेबमोजिम अरू कुराहरू बारेमा पनि जाँचबुझ गरी रिपोर्ट गर्नेछ । सो परिषद्ले गरेका रिपोर्टमा श्री ३ महाराजबाट विचार भई परिषद्को सिफारिसमा उचित ठहरिएको कारवाई गरिबक्सनेछ ।"

कुनै सभा, कुनै समिति, या कुनै परिषद्मा पनि व्यक्तिलाई यो विधानमा दिइएको अधिकारहरूको विषयमा विचार गरी हेर्दा खाली आलू र भान्टाको मोलतोल गर्ने हक सिवाय कुनै खँदिलो हक वा अधिकार दिइएको देखिंदैन । यस किसिमको नाउँमात्रको फोस्रो अधिकार जनतालाई दिनको निमित्त वृथामा त्यतिको पैसा खर्चगरी, विदेशबाट कानूनी विशेषज्ञहरू बोलाई, विधान बनाउन लगाई, यत्रो स्वांग रच्नु पर्ने केही थिएन । हुनत यस विधानमा यिनीहरूले धेरै ठाउँमा श्री ५ महाराजाधिराजको सर्वमान्यता स्वीकार गऱ्या झैं गरेर उहाँको नाउँको ठूलो दुहाई दिएको देखिन्छ । तर, विधानको आद्योपांत अध्ययन गरी हेर्दा श्री ५ महाराजधिराजको कतै कहीं अस्तित्व रहेको देखिंदैन । किन कि संसारको नियमानुसार सभा वा महासभामा भाषण वा संदेश पठाउने अधिकार र कुनै अपराधीलाई "माफी, मिनहा, मोजरा र सजाय" घटाउने अधिकार मुलुकको राजाको हातमा मात्र रहन्छ । तर, यस विधानको अनुसार यी दुवै अधिकारहरू प्रधानमंत्रीकै हातमा राखिएका छन् ।[६२] तसर्थ प्रधानमंत्रीले श्री ५ को जतिसुकै दुहाई गरे तापनि, यो दुहाईको केही महत्त्व छैन । यो त श्री ५ महाराजाधिराजको आडमा प्राधानमंत्रीरूपि ब्वांसोको आफ्नू शिकार फँसाउने एउटा चालमात्र देखिन्छ । "श्री ५ महाराजाधिराजलाई शिरमा राखी" उहाँकै आदेशानुसार निर्लिप्त र निस्वार्थ भावले "दुनियालाई काखमा राखी" राणाहरूले श्री ५ महाराजाधिराजको प्रतिविम्बिक शासकको रुपमा राज्य गरीरहेको हो कि, भन्ने जस्तो गरी, जता-जता आफ्नू स्वार्थ सिद्ध गर्नु परेको छ उता-उता श्री ५ महाराजाधिराजको नाउँ जोडेको देखिन्छ । अरू बेलाको कुरा त जान दिनोस्, अहिले यो खोक्रो कामनलाग्ने विधानमा पनि कहाँ कुन ठाउँमा श्री ५ महाराजाधिराजको प्राधान्य देखिएको छ ?

यस विधानले त मानिसलाई यो भान हुन्छ कि नेपालमा श्री ५ महाराजाधिराज पनि श्री पशुपतिनाथ जस्तै यउटा शिलाको निर्जीव मूर्तिमात्र होइबक्सिन्छ । धर्मढोंगी राणाहरूले आफ्नू स्वार्थरक्षाको निमित्त जनताको आँखामा छारो हाल्नलाई श्री पशुपतिनाथको नाउँ लिए झैं श्री ५ महाराजाधिराजको नाउँली आफ्नू बगुला भगत्वको प्रदर्शन गरेकोमात्र हो भन्ने प्रत्येक व्यक्तिलाई भान हुनु स्वाभाविकै हो । किनकि

[६२] हेर्नुहोस्, माथि पादटिप्पणी ६० मा उल्लिखित धारा ५९ ।

विधानमा कुनै कुरा यस्तो छैन, जसमा राणा प्रधानमंत्रीत्व शिरमौर्य न रही, आफ्नू एकलौटे ठेकेदारी अक्षुण्ण अर्थात् ज्यूँकात्यूँ कायम न राखिएकोहोस् । समूचा विधानको हरेक धारा, हरेक दफा, हरेक वाक्य, हरेक शब्दमा सर्वव्यापि, सर्वशक्तिमान, राणाहरूको राणाशाही व्याप्त छ । पौराणिक काल देखिन् लिएर वर्तमान कालसम्म अरू कहीं कुनै संसारमा कहिले न चलेको यो प्रधानमंत्रीको सर्वमान्यता र सर्वाधिकारको अतिजीवी चक्रको कुप्रथा आज नेपालमा विद्यमान छ । अब यसलाई सही बस्ने क्षमता जनताहरूमा कत्ति छैन । अब यसलाई जनताले चाहे आफ्नू रगत दिएर होस् वा प्राण दिएर होस् कुनै किसिमले अवश्य तोड्ने छन् ।

नेपालका जनता पहिलेको जस्तै लाटा र अंधा छैनन् । अब तिनिहरूले दुनियामा यस्ता कैयौं "मैं हूँ" भन्ने निरंकुश शासक-हरूको पतन धमाधम दिन-प्रतिदिन भई रहेको आफ्नै आँखाले देखिरहेका हुनाले अब उनीहरूले पनि आफ्नू आँखा खोली सकेका छन् । अब स्वेच्छाचारी शासकलाई खालि तानि निल्नु बाँकी छ । अब यस्तो खोस्टा विधानले उनीहरूका चित्त कदापि बुझ्ने छैन । उनीहरू चाहन्छन्, खंदिलो सारगर्भित वस्तु, जस्मा कि सयवर्ष देखिन् बिग्रेको आफ्नो भाग्य सपार्ने सार तत्व रहोस् । *समाप्त*

## धन्यवाद

यो सामग्री *युगवाणी* साप्ताहिकका पुराना अंक खोतल्ने क्रममा फेला परेको हो । पुराना अंकमध्ये १४ र १६ अंक दिवंगत शिव रेग्मीको संग्रहबाट मिलेको हो भने अंक १५ मदन पुरस्कार पुस्तकालयको संग्रहबाट मिल्यो । अंक १५ हेर्ने चाँजोपाँजो मिलाइदिनु भएकोमा सो पुस्तकालयका दीपक अर्याल र राजीव सिंहलाई तथा अन्य सहयोगका लागि मार्टिन चौतारीको पुस्तकालयका अमन गारूलाई धन्यवाद छ । यो सामग्री र टिपोटलाई पटक-पटक अध्ययन गरी परिमार्जनका लागि सुझाव दिने प्रत्यूष वन्त लगायत सम्पादक मण्डलका साथीहरूप्रति पनि आभारी छु ।

## सन्दर्भ सामग्री

अधिकारी, सूर्यमणि । २०५९ । *नेपाली काँग्रेसको इतिहास* । काठमाडौँ : भूँडीपुराण ।

कोइराला, जीवनचन्द्र, सं. । २०६५ । *सर्वोच्च नेता गणेशमान सिंहका विचार* । काठमाडौँ : गणेशमान सिंह फाउण्डेशन ।

कोइराला, विश्वेश्वरप्रसाद । २०४० । *आफ्नो कथा* । काठमाडौँ : चेतना प्रकाशन ।

गिरि, प्रदीप, संकलक । २०६६ । *विश्वेश्वरप्रसाद कोइराला : राजनीतिक अभिलेख* । काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

गोरखापत्र । २००१ । क्रोडपत्र (सदर पुलिस गोश्वाराले निकालेको गणेशमान सिंहको तस्बिर सहितको सूचना) । असार १४ ।

गोरखापत्र । २००३क । मुलुकको कल्याणको केही आयोजना चाँड प्रकट गर्नेछु ... भाइ भाइमा झगडा भएमा हाम्रो छाती चिरिन्छ : श्री ३ महाराज । मंसिर १८, पृ. १ ।

गोरखापत्र । २००३ख । श्री ३ महाराजको महत्त्वपूर्ण भाषण । फागुन ३, पृ. १ ।

गोरखापत्र । २००४क । श्री ३ महाराजको ऐतिहासिक भाषण । जेठ ४, पृ. १, ४ ।

गोरखापत्र । २००४ख । श्री ३ महाराजको सन्देश । माघ ६, पृ. १ ।

गोरखापत्र । २००४ग । विधानघोषणाको समारोह । माघ १४, पृ. १ ।

गोरखापत्र । २००४ घ । श्री ३ महाराजको भाषण । माघ १४, पृ. १, ४ ।

गोरखापत्र । २००४ङ । इस्तिहार । चैत ३१, पृ. १ ।

गौतम, राजेश । २०४६ । *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा परिषद्को भूमिका* । काठमाडौँ : लेखक ।

गौतम, राजेश । २०५५ । *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काँग्रेस* । काठमाडौँ : रत्न पुस्तक भण्डार ।

जबरा, पुरुषोत्तमशम्शेर । २०६२ । *श्री ३ हरूको तथ्य वृत्तान्त* । भाग २ । काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, रामहरि । २०४८ । *नेपालको नोभेम्बर क्रान्ति* । काठमाडौँ : अन्तर्राष्ट्रिय मञ्च ।

पन्त, नयराज । २०३६ । *श्री ३ महाराज पद्मशम्शेरका कुरा* । काठमाडौँ : संशोधन मण्डल ।

पराजुली, लोकरञ्जन । सन् २०२१क । महाकवि देवकोटा र जनप्रकाशनालय । *नयाँ पत्रिका* (झन् नयाँ), अगष्ट २१, पृ. ६ ।

पराजुली, लोकरञ्जन । सन् २०२१ख । प्रोपागाण्डा-औजारको रूपमा रेडियो : नेपालमा रेडियो स्थापना र प्रसारणको प्रारम्भिक इतिहास । समाजशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालद्वारा आयोजित "नेशनल कन्फरेन्स अन कन्टेम्पोररी इश्युज अन सोसियोलोजी अफ नेपाल" मा प्रस्तुत अनुसन्धान-पत्र, नोभेम्बर २१–२२, काठमाडौँ ।

पराजुली, लोकरञ्जन । सन् २०२२ए । पुरुष (उत्थान) का लागि महिला शिक्षा : राणाकालको उत्तरार्धमा नेपालमा स्त्री-शिक्षाको बहस । *नेपालमा विद्यालय शिक्षा : इतिहास, राजनीति र समाज* । लोकरञ्जन पराजुली, प्रत्यूष वन्त, देवेन्द्र उप्रेती, सं., पृ. ११७–१६४ । काठमाडौँ : मार्टिन चौतारी ।

पाँडे, भीमबहादुर । २०४० । *त्यस बखतको नेपाल : राणाकालीन आखिरी तीन दशक* । चौथो भाग । काठमाडौँ : नेपाल तथा एशियाली अनुसन्धान केन्द्र ।

प्रधान, भुवनलाल । २०४७ । *नेपालको जनक्रान्ति २००७* । काठमाडौँ : रुमु प्रकाशन ।

बस्नेत, पुरुषोत्तम । २०६६ । *नेपाली काँग्रेसको इतिहासको प्रारूप* । भाग १ । काठमाडौँ : लेखक ।

युगवाणी । २००५क । संवत् २००४ सालको नेपाल सरकारको वैधानिक कानून । १(५) : १९–२६ ।

युगवाणी । २००५ख । विराटनगरमा नेपाली राष्ट्रीय काँग्रेसको कार्यसमितिको वैठक : नेपाल सरकारको सुधार सम्बन्धी विधान जनताहरूलाई धोका दिने मात्र हो । १(११) : २३, २६ ।

शर्मा, श्रीभद्र । २०५४ । *जयतु संस्कृतम् आन्दोलन : एक संस्मरण* । काठमाडौँ : लेखक ।

सिंह, गणेशमान । २००५क । नबझ्ने ढ्याङ्ग्रोको सय पटकार । *युगवाणी* १४ : १९–२२ ।

सिंह, गणेशमान । २००५ख । नबझ्ने ढ्याङ्ग्रोको सय पटकार । *युगवाणी* १५ : २०–२२ ।

सिंह, गणेशमान । २००५ग । नबझ्ने ढ्याङ्ग्रोको सय पटकार । *युगवाणी* १६ : ९–११ ।

सिंह, गणेशमान । २००५घ । नेपालमाथि अंग्रेज र अमेरिकाको गिद्ध-दृष्टि । *युगवाणी* ३०–३१ : १७–१९ ।

सिंह, गणेशमान । २०१३ । श्री ३ मोहन प्रभुको स्वर्गारोहण । *सयपत्री* । ईश्वर बराल, सं., पृ. ३११–३२७ । स्थान उल्लेख नभएको : रानू ।

सिंह, गणेशमान । २०५८ । *मेरा कथाका पानाहरू* । भाग १ । माथवरसिंह बस्नेत, सं. । काठमाडौँ : आयाम प्रकाशन ।

Baral, L.S. 2012. The New Order in Nepal under King Mahendra, 1960–1962: An Assessment. In *Autocratic Monarchy: Politics in Panchayat Nepal*. Pratyoush Onta and Lokranjan Parajuli, eds., pp. 179–232. Kathmandu: Martin Chautari.

Chatterji, Bhola. 1990. *B.P. Koirala: Portrait of a Revolutionary*. Calcutta: Minerva.

Chudal, Alaka Atreya. 2020. Nepali Intellectuals in Exile: The History of Nepali Printing in 19th- and 20th-Century Benares. *Journal of South Asian Intellectual History* 3: 34–59.

Parajuli, Lokranjan. 2012. From Controlling Access to Crafting Minds: Experiments in Education in Late Rana Nepal. *Studies in Nepali History and Society* 17(2): 297–331.

Parajuli, Lokranjan. 2022b. Concocting the Parliament: A Tale of a Momentary Institution. Paper presented at the Annual Conference on Nepal and the Himalaya. July, Kathmandu.

Shaha, Rishikesh. 1990. *Modern Nepal: A Political History 1769–1955*. Vol. 2. Riverdale: The Riverdale Company.

The Searchlight. 1946. Responsible Govt. in Nepal: B.P. Koirala on Need for Organisation. October 4, p. 3.

The Searchlight. 1947a. Nepalese to Launch Satyagraha: With a View to Achieve Civil Liberty. April 4, p. 4.

The Searchlight. 1947b. Mr. Sri Prakash Reaches Nepal: Welcomed by Officials at Birganj. June 20, p. 1.

## लेखक परिचय

**लोकरञ्जन पराजुली** ऐतिहासिक समाजशास्त्री हुन् । उनको सम्पादन/सहसम्पादनमा एक दर्जन पुस्तक प्रकाशित छन् । उनले नेपालको शिक्षा, मिडिया, पुस्तकालय, राजनीति, सिनेमा, नागरिक समाज, आदिबारे लेखेका सामग्री विभिन्न प्राज्ञिक जर्नल तथा पत्रपत्रिकामा प्रकाशित छन् । *विद्यालय शिक्षाका वित्तीय आयाम* (मार्टिन चौतारी, सन् २०२३) उनको पछिल्लो सह-सम्पादित पुस्तक हो । उनी *समाज अध्ययन* र *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*का सम्पादक पनि हुन् । ईमेल : rameshparajuli@gmail.com

## अनुसूची १ : *गोरखापत्र*मा छापिएको पद्म शम्शेरको भाषण

### *श्री ३ महाराजको भाषण*

भाइ भारादार, सज्जनवर्ग, भाइ बहिनीहरू !
प्यारी मातृभूमि नेपालको समयानुकूल सुधारद्वारा समृद्धि र कल्याणमा कुन प्रकार बाट उत्तरोत्तर उन्नति हुन सक्ला औ देश र दुनियाँमा सुख शान्ति बढ्ला भन्ने प्रश्नको बारेमा मैले विचार गर्नथालेको धेरै काल भैसक्यो । सो तिमीहरूलाई थाहै छ । धेरैकाल-देखिको मुलुकको शासनव्यवस्थामा सुधार गर्ने मेरो अभिलाषालाई कार्यरूपमा परिणत गर्न भनी अनेक विचार र सल्लाहबाट तैयार भएको राजनैतिक सुधारको योजनाको घोषणा गरूँ भनी आज तिमीहरू सबैलाई यहाँ बोलाउँदा मलाई कत्तिको आनन्द लागेको होला सो तिमीहरू अनुमान गर्न सक्नेछौ । श्री राम र श्री पशुपतिनाथको कृपाले मात्र राष्ट्रको गौरब बढ्ने छ, दुनियाँको सुख शान्तिमा अटल वृद्धि हुनेछ भन्ने दृढ निश्चयले आजको घोषणा गर्ने अघि वहाँहरूको पाउ संझी देश र दुनियाँ उपर आशीर्वादका निमित्त प्रार्थना गर्दछु ।

यो प्रिय भूमिको शासनभार उठाएदेखि नै मुलुकलाई कुन किसिमबाट उन्नत गराऊँ भनी मैले कोशिश गरेको तिमीहरूलाई थाहै छ । आर्थिक, सामाजिक, राजनैतिक प्रश्नहरू, शिक्षाको प्रचार, देशको उद्योगव्यवसाय र खेती बारीको उन्नति, स्वास्थ्य सुधार, सबैतर्फ एकैसाथ दृष्टि पुऱ्याउनु परेको छ । तिनमध्ये राजनैतिक सुधार ता अरू विषयभन्दा पनि बढ्ता र पूरा विचार गरेर मात्र, राष्ट्रको हरेक अङ्ग प्रत्यङ्गका उपर पर्ने प्रभाव र गुण दोषको खयाल राखी, गर्नु पर्ने भएकोले यस्तो जटिल विषयमा सकभर विचार गरीकन मात्र काम गर्नलाई केही समय लाग्नजानु स्वाभाविकै हो । अब आज प्रकाश हुने नयाँ विधानका विशेष विषयहरूका बारेमा तिमीहरूलाई केही भन्ने अघि हाम्रो मुलुकको वर्तमान शासन-पद्धतिको एक छोटकरी वर्णन र इतिहास सुनाउन चाहन्छु ।

यस मुलुकमा वारंवार हलचल भै रक्तपातले गर्दा शान्ति सुख हराई यो राज्य डुब्नलाग्यो, हाम्रो स्वाधीनता समेत हराउन आट्यो भनी दुनियाँ भारादार र सरकारको सम्मतिले हाल चलिरहेको थिति चलाई राणाजीलाई राज्यको मुख्य अभिभार सुम्पन गएको हो । राणाजीको हातमा हुकूम आएको सय वर्ष नाघ्यो । यो सय वर्षमा ऐनकानून र स्थिति, शान्ति सुरक्षा र अभय, भित्र बाहिरको सलतनत, र देशोन्नति के कति भयो मैले भन्नेभन्दा इतिहासले बताउनेछ । एकतर्फ विशाल चीन साम्राज्य अर्कोतर्फ अंग्रेजी शक्तिको उर्लंदो बाढी उठेर आएको समयमा समेत बीचमा पर्नगएको यो सानु पहाडी देशको स्वतन्त्रता कायम गरी संसारमा नेपालले स्वाधीन रा-

ष्ट्रहरूका बीचमा आफ्नो स्थान कायम गरी राख्नसक्नु यो पनि देशका शासक राणाजीहरूले न्यायोचित गर्व लिन सक्ने कुरा हो ।

सरकारलाई शिरमा, दुनियाँलाई काखमा राखी शास्त्रोक्त हिन्दू वैधानिक राज्यको झण्डा फर्फराई हामीले राजा रैतीको धर्म थितिबाट काम चलाइआएका छौं । दुनियाँ कै भलाइको खातिर हामी खडा हुन आएका हौं । दुनियाँको खातिर जो जति गर्नुपर्ला सो गर्नालाई तयार र तत्पर छौं, यो गरी बुझी दिलजमी गर !

यति लामु अवधिभरि दुनियाँलाई राज्यव्यवस्थामा सरीक पराउने प्रयत्न हुदै नभएको होइन, तर समय नआइ पुगेकोले ती सबै प्रयत्न निष्फल भए । जस्तो कि संवत् १९०८ मा वसन्तपुरमा पार्लिमेण्टरी कचहरी खडा भयो । सरकारलाई बेलायतको थिति बेसलागी यहाँ पनि प्रजाहरूको सम्मति सरीक गराई सोही पार्लिमेण्टरी विधान चलाउनाको इच्छा भयो । तर दुनियाँहरूले पहिले बहुनायक भै विग्रेको यो नेपाललाई अनेक देशी चाला झिकी डुबाउन लागे भन्ने प्रष्ट नामंजूरी देखाएकोले सो पार्लिमेण्टरी योजना छोड्न करै लाग्यो । फेरि १९७५ सालमा सोही मुराद ली पहिलो खुड्किलाको स्वरूपमा, म्यूनिसिपलिटीमा निर्वाचनको प्रथा चलाउनाको चेष्टा भयो । तर शहरमा सदस्यको चुनाव हुंदा बहुतै हलचल भयो । शहरका वासिन्दामा परस्पर मेल र सहयोग भैरहेको ठाउँमा साम्प्रदायिक झगडा र अशान्ति फैलियो, र सरकार आफैले सदस्य चुनी काम चल्ने प्रवन्ध भयो ।

हाम्रो मुलुकका अधिकांश जनताले यसरी वारंवार हामीमा पत्यार र स्नेह देखाई हामीलाई शोभित गराए तापनि कालानुसार तिमीहरूले पनि शासनप्रबन्धमा हिस्साली हामीलाई मद्दत नगरेदेखि संसारमा तिमीहरू नसक्ने, हामीहरू नदिने, भन्ने अपवाद फैलिने भयो । मेरो आफ्नो उद्देश्य के हो तिमीहरूले विधानको भूमिकाबाट थाहा पाउने छौ ।

सुधारका विषयमा मैले तिमीहरूलाई पहिलो सूचना फाल्गुन २००३ सालको फाल्गुन २ गतेका दिन निम्नलिखित शब्दमा गरेको थिएँ—“एक अर्को कुराको सूचना तिमीहरू लाई भन्न चाहन्छु । संसारमा हाल धैरैजसो चलिआएका व्यवस्थानुसार हाम्रो यहाँको राज्यव्यवस्थामा पनि प्रजालाई अहिलेभन्दा पनि बढी सरीक गराउने प्रबन्ध बसाल्नाले देशको उन्नतिमा ठूलो मद्दत हुन जाला भन्ने लागी भाइछोरा र भारादारहरूको राय लिन लागेको छु । यस्तो जटिल कुरामा राम्रोसंग सबैतिरको विचार पुऱ्याइकन मात्र ठेगान गर्नु पर्ने हुनाले झट्टै हुन नसक्ने तिमीहरूलाई थाहै छ । सबैसंग छलफल गरी यस बारेको ठेगान लाग्नासाथ तिमीहरूलाई फेरि जम्मा गरी सो सबैको सल्लाहले ठेगान भएका ठहर सुनाउने छु ।” सोही साल पौषदेखि नै तीस वर्ष नाघेका रोलक्रमका भाइछोराहरूको राय बुझ्न शुरू गरेको थिएँ । उनीहरूले पनि मेरो विचारलाई समर्थन गरी मलाई पूर्ण सहायता

दिए । त्यस पछि अरू भाइभारादारलाई पनि सोध्ने काम गरें । उनीहरूले केही ता गरिबक्सनु पर्ला तर हामी चार वर्ण छत्तिस जात छौं, थिति नखल्बलिने गरी क्रमैसंग तालिम गरिबक्सनु पर्ला भने । यो सब कुराहरू उपर विचार गर्न र पेश भएका विभिन्न राय केला-उन भनी सुधार समिति २००४ वैशाख मैन्हाको शुरूमा खडा भएको हो । सुधार समितिका सदस्यले आफूमा छलफल गरी हिन्दुस्थानबाट आएका विशेषज्ञहरूसंग परामर्श पनि गरे । विधानको तर्जुमा चाँडै नै तयार भए तापनि त्यसलाई चालू गराउनलाई चाहिने नियम र उपनियमहरू बनाउनलाई निज विशेषज्ञहरूले समेत सहसा गर्न नसकी ठाउँ ठाउँका पुस्तकालयहरूबाट भरमद्दत लिनुपऱ्यो । सबै कुराहरू विचार गर्दा यस्तो कठिन काम हाम्रो यहाँ बेसै चाँडो र सुलभसाथ भएको रहेछ भन्ने म देख्तछु । अब नयाँ तरजुमा भएको विधानको ऐन सुन ।

...

आशा गर्छु कि तिमीहरू सबैले वैधानिक ऐन ध्यानपूर्वक सुनेका होउला ।
विशिष्ट अङ्गहरूका बारेमा पनि यो ऐनका उद्देश्य र अर्थका बारेमा प्रकाश दिन चाहन्छु ।

ऐनको भूमिकाबाट हाम्रो लक्ष्य र अभिप्राय के रहेछ सो बुझिसक्यौ होउला, हेर, यही शासनप्रणाली नै सबभन्दा उत्तम हो भन्ने कुरामा संसारको इतिहासभरिमा(?) पनि एक राय भएको देखिन्न, न ता संसारभरिका राष्ट्रहरूका प्रतिष्ठित व्यक्तिहरू जम्मा भई बनेको सम्मिलित राष्ट्रसंघले पनि सो कुराको ठेगान गर्न खोजेको वा सकेको छ । संसारमा भिन्न भिन्न समयमा भिन्न भिन्न प्रकारका शासनव्यवस्थाका प्रणाली थिए । कहिले साम्यवाद, कहिले राजतंत्र, र बीचबीचमा ऐकाधिपत्य पनि चलेको थियो । अहिले पनि भिन्न भिन्न देशमा भिन्न भिन्न राज्यप्रणाली चलिरहेकै छन् । सुशासनको एक मात्र लक्षण के हो भने यसबाट सबभन्दा बढी दुनियाँको सबभन्दा बढी हित हुनु पर्दछ, अथवा जुन शासनबाट थिति राम्रो हुन्छ, शान्ति र शुखो उन्नति हुन्छ, त्यही शासनप्रबन्ध बेस हो ।

मौलिक हकका बारेमा संसारका प्रमुख राष्ट्रहरूमा ती जुन प्रकारसंग प्रचलित छन्, हामीले पनि तिनलाई सोही ढंगमा तर्जुमा गरेका छौं । अगि यस विषयमा हाम्रा ऐन कानून अपुरा थिए, अहिले हामीले तिनलाई हिन्दूस्थान र अरू उन्नत मुलुकको सरह पार्ने उद्योग गरेका छौं । आमशृंखला र सदाचारको चरम आवश्यकताको हद भित्र रही सबै जनाले चल्न पाउने कुरामा केही बन्देज रहनु पर्दछ भन्ने तिमीहरूले बुझेकै छौ । दुनियाँको हक र कर्तब्य दुवै हुन्छन् । औ दुवै आम भलाइका निमित्त व्यवहृत हुन्छन् । कुनै दुई देशको चलन र आवश्यकता पनि एकनास हुँदैन, तसर्थ हाम्रो देशलाई सुहाउँदो,

औ आवश्यकीय खास गरी धर्मको कुरामा बाहेक अरू विषयमा अरू मुलुकहरूमा चलिरहेको भन्दा बढ्ता बन्देज हाम्रो मुलुकमा लगाउने सरकारको इरादा छैन ।

मंत्रीमंडलको सृजना र त्यसमा निर्वाचित सदस्यहरूका प्रतिनिधिहरूलाई समेत स्थान दिएको र शासन-समितिको स्थापनाबाट समेत शासनकार्यमा दुनियाँलाई सरीक गराउने हाम्रो अभिप्राय स्पष्ट छ ।

केन्द्रीय-सभाको लागि प्रतिनिधि चुन्ने विषयमा एक मौलिक योजना तयार भएको छ । पाश्चात्य देशको चुनावको ढंगलाई परंपरादेखि चलिआएको हाम्रो संस्कृतिलाई सुहाउने पंचायती प्रणालीमा ढाल्नाको उद्योग भएको छः उमेर पुगेका सबैलाई चुनावको हक दिइएको छ, तर यसमा सरकारले एक कुरामा विशेष ध्यान दिनुपर्ने देखिन्छ । मुलुकभरका असल, लायक र जेहनदार निर्वाचित प्रतिनिधि केन्द्रमा आई सरकारलाई मद्दत गरून् भन्ने अभिलाषा सरकारको छ, तर यो निर्वाचन वा चुनावको सिलसिलाले गर्दा मुलुकमा झैझगडा र अशान्ति फैलिन गयो भने बडो नराम्रो कुरा हुन जानेछ, सो सरकारले कदापि हुन दिने छैन । मुलुकलाई दल पद्धतिको भुँवरीमा धकेली उम्मेदवारको योग्यता भन्दा दल वा समूहको बन्दोवस्तको जोरले निर्वाचन हुनजाने प्रथालाई सरकारले कुनै हालतमा पनि प्रोत्साहन दिने छैन । निर्वाचन पद्धतिले गर्दा सबभन्दा योग्य व्यक्तिलाई अगाडि ल्याउनमा मद्दत हुने हुनाले सो प्रारम्भ गरिएको हो, तर त्यसका साथसाथै चुनावगर्दाको अधिक खर्च, दिक्कत र पीर, र कलहलाई पनि सँगसँगै हाम्रो राजनैतिक जीवनमा घुस्नदिन हुदैन । केन्द्रमा दुई सभा हुनु पनि एक सर्वस्वीकृत सिद्धान्त हो । संसारका प्रायः सबै देशमा दुई सभा भएका व्यवस्थापक समुदायहरू रहेको सबैले थाहा पाएकै छन् । हाम्रा दुवै सभाहरूमा नियुक्त सदस्यहरू पनि राखिएका छन् । मुलुकमा मानिसहरूमा प्रशस्त मात्रामा राजनैतिक शिक्षा हुन नगएसम्म यस किसिमका प्रनिनिधिहरू रहनु राज्यको कामकाजको लागि आवश्यक छ । निर्वाचनमा राम्रो स्थान पाउन नसक्ने विशेष स्वार्थहरूलाई पनि व्यवस्थापक सभामा स्थान दिइएको छ । यो सभाको अख्तियारी प्रायः हिन्दुस्थानसरकारको १९३५ को विधानमा रहेको अख्तियारीबमोजिम छ ।

मुलुकको आम्दानीखर्चको विषयमा पनि धेरैलाई भ्रम परिरहेको छ । अब ता यो कुरा पनि व्यवस्थापक सभाको अख्तियारीभित्र परेकोले सो भ्रम हट्नजाला भन्ने उम्मेद गरेको छु । विधानमा एक प्रधान जाँचकी राख्ने प्रबन्ध भएकोबाट पनि यस विषयको संदेह हटाउने हाम्रो उद्देश्य बुझ्नेछौ ।

सरकारको विशेष अख्तियार र थिति नै तोडिने अपरझटको संकट अवस्था परिआएमा त्यसको सामना गर्नलाई प्राइममिनिष्टरले नयाँ विधान खिच्ने अख्तियारको

बारेमा मैले केही भन्नु पर्ने होइन । विशेष अवस्थालाई विशेष अख्तियार जुनसुकै देशको विधानमा पनि रहेको हुन्छ ।

सकेसम्म स्वाधीन न्यायाधिकार खडा गर्ने हाम्रो प्रयत्न यो घोषणाबाट देखिहाल्यौ । कोही बिलकुल बिरानो प्रणाली आफ्नो मुलुकमा सार्नुभन्दा आफ्नै पुरानो थितिलाई चाहिएको सुधार गरी सपार्नु बेस ठानी हाम्रो प्राचीन पंचायती अदालतलाई नै न्यायको जग पारेका छौं । त्यसबाट धेरै सानातिना कचिंगल शुरूमै मिल्नजाने भै दुनियाँमा झगडाको बोझ कम पर्न जाला भन्ने उम्मेद राखिएको छ । माथिल्लो तहमा न्यायपूर्ण तथा स्वाधीन राष्ट्रको कार्यकारिणीबाट पृथक राखिएको समेत बुझ्ने छौ । न्यायाधीशहरूलाई उमेरको हदभित्रसम्म व्यवस्थापक सभाले दोषी नठहराई नझिक्ने, उनीहरूको तलबमा पनि जथाभावी घटबढ नहुने, आफ्नू धर्म र कर्तव्य सम्झी उनीहरूले गरेको काममा अन्त कतैबाट दबाउ अथवा बात नलाग्ने प्रबन्ध भएकोबाट पनि यो मुराद सफल हुनेछ भन्ने अनुमान गरिएको छ ।

अर्को एक मुख्य कुरा पनि तिमीहरूले विचार गऱ्यौ होउला । हाम्रो विधानलाई अरू धेरै मुलुकमा भए जस्तो निश्चल र अशिथिल बनाएका छैनौं । अहिलेलाई मुलुकको वर्तमान परिस्थितिलाई सुहाउदो जो जति गर्नु पर्ने मुनासिब ठहऱ्यो सो बमोजिम गरेका छौं, हाम्रो विधानमा कुनै कुनै कुरा बिलकुल मौलिक परेको छ, कुनै कुनै कुरामा विभिन्न मुलुकको विभिन्न समयको स्थिति अनुसारको बन्दोवस्तको अनुकरण भएको छ । हाम्रो मुलुकलाई यसबाट कतिसम्म फाइदा हुन्छ, कतिसम्म हाम्रा दुनियाँले यसलाई अपनाउन सक्तछन्, सो हेरी समय समयमा विधानको परिवर्तन र विकासको ठाउँ पनि राखिएको छ ।

अब तिमीहरूलाई भन्न पर्ने धेरै केही छैन । अरू अरू राष्ट्र र हाम्रा छिमेकी राष्ट्रमा पनि दुईतीन पिढीमा(?) लामुलामु अन्तरपछि भएको वैधानिक सुधार हामीले यहाँ पहिल्यै फड्कामा गर्नलागेका छौं । यो स्नेह प्रेरित प्रयत्न कत्तिको सफल हुन्छ सो निमीहरू यस पद्धतिबमोजिम काम गर्ने र अभिभारा बोक्ने सज्जन वर्गमाथि निर्भर छ । मानिसले गरेको कुनै कुरा पनि पूर्णतया दोष रहित हुन सक्तैन, खोट जुन कुरामा पनि झिक्न सकिन्छ । तर पाठ्यपुस्तकमा रहने प्रकारको समालोचनाले हाम्रो राष्ट्रनिर्माणको महान प्रयत्नमा के सहायता हुन्छ : सो ता स्कूल कलेजमा हिन्दुस्थान र अरू राष्ट्रहरूका राजनैतिक विधानको अध्ययन गर्ने प्रत्येक विद्यार्थीले पनि कण्ठाग्र दोहऱ्याउन सक्छ तर मलाई हाम्रा नागरिकहरूको सुबुद्धि र सद्भावमा पूरा विश्वास छ । खोट झिक्ने र टीका टिप्पणको अभ्यासले आफ्नो ध्येय कदापि लाभ गर्न सकिन्न । यस्तो विशाल र महान काममा मेहनत र सहयोगद्वारा सरकारलाई मद्दत गर्दै आफ्नू योग्यता बढाउँदै र देखाउँदै लगी झन्-झन् बढ्ता जवाफदेहीको लायक बन्दै जाने सुमार्ग समात्ने छन् भन्ने मैले पूरा भरोसा गरेको छु । त्यसो भएमा मात्र मुलुकमा शान्ति र थिति कायम भै उन्नति मार्गमा अग्रसर हुन सकिन्छ ।

हेर, कति मुलुक छन् जहाँ सरकार र दुनिया सबै मिली उन्नति हुन र समृद्धि बढाउन लाई निरन्तर चेष्टा गरिरहेका छन्, तर कलह र घरझगडाले गर्दा कतिको उन्नतिमार्गको बेग काटिएर दुःख र अभाव समेतमा रङमङिनु परिरहेछ । यस्तो अवस्थाबाट हाम्रो प्यारो मुलुकलाई बचाउनु शासकहरूको प्रथम कर्तव्य हो । अहिले पनि थुनुवामा रहेका मानिसहरूलाई छोडिदिने हाम्रो मनसाय थियो, उनीहरूमध्ये कम कसूर देखिएका जति त छुटी पनि सके । बाकी रहेकाको हकलाई उनका सहयोगीहरूले हाम्रो छिमेकी मुलुकमा सन १९४२ मा राजनैतिक आन्दोलनले गोलमाल र रक्तपातको रूप लिएको दृष्टान्त देखाई धमकी दिने गरेकोले यस्तो अवस्थामा दया र सदभाव देखाउने मौका छैन भन्ने मेरा भाइहरूको सल्लाह र पुलिसविभागको रिपोर्टसमेत भएकोले अहिले तिनलाई रिहाइ दिन सकिएन ।

यो नयाँ सुधारबाट फायदा उठाई शान्ति र शृंखलाको बाटोबाट राजा प्रजा सबै उन्नति र ऐश्वर्यको शिखरतिर बढन जाऊन्, भूलचूकमा परेकाहरूको पनि उद्धार भएको देख्न र सुन्न पाउला भन्ने आशा राखेको छु । मेरो ता उमेर पुगिसकेको छ, स्वास्थ्य पनि ठीक छैन, यो नयाँ विधान भाई कमांडर-इन-चीफ र कमान्डिङ जर्नेलहरू बसी छल-फल गरी उनीहरूले पनि ठहराएबमोजिम बनेको हो । यसको कार्यक्रम र फल राम्ररी दे-खिन अलि वर्ष लाग्नेछ । आफैले देख्न नसके तापनि सुचारु रूपले चलेको अवश्य सुन्न पाउला भन्ने आशा राखेको छु । मेरा भाइहरू सुयोग्य र बुद्धिमान छन् । मैले जुन जे जति काम गरेको छु सो सबैमा उनीहरूको सहमति र सहयोग पाएको छु । तसर्थ अहि-ले मैले प्रारम्भ गरेको सिद्धान्त र पद्धतिको उनीहरूबाट पनि अनुकरण मात्र होइन कि त्य-सको विकास र उन्नति पनि जरुरै हुनेछ यसमा मैले केही सन्देह मानेको छैन, औ तिमीहरूले पनि मान्नु पर्दैन ।

मेहनत र तत्परता साथ यो विधान तैयार गराउन मद्दद गर्ने सुधार समितिका सद-स्यहरूलाई धन्यवाद गर्दछु ।

जसको कृपा र सुदृष्टिले आफ्ना प्यारा दुनियाँको हितको लागि आजको घोषणा सुनाउने मौका पाएँ वहाँ श्री राम र श्री पशुपतिनाथको जय पुकारा गरी तिमीहरू सबै जम्मा भएकालाई धन्यवाद दी आजको कारवाई समाप्त गर्दछु । वहाँहरूबाट देशका सम्पूर्ण वासिन्दाहरूलाई आज प्रकाश भएको विधानद्वारा राष्ट्र र दुनियाको उत्तरोतर हित र कल्याण गराउने सुबुद्धि मिलोस् ।

मैले गर्न आँटेको कुरा आज तिमीहरू सबैलाई सुनाउन पाउनाले आज मेरो दिल जति खुशी भएको छ त्यति खुसी मेरो जिन्दगीमा कहिल्यै भएको थिएन । न पछि कहिल्यै होला । (गोरखापत्र २००४घ : १, ४)

# अनुसूची २ : *युगवाणी*मा छापिएको गणेशमान सिंहको टिप्पणीको पहिलो पृष्ठ



नेपाल सुधार

## नबज्ने ढ्याङ्ग्रोको सय पटकार

[ श्री गणेशमान सिंह ]

[ लेखक नेपालको प्रसिद्ध राजनैतिक कार्यकर्ता हुनुहुन्छ। पाठकहरूले नेपालको विधान-सम्बन्धी गत लेखमा गम्भीर एवं विद्वत्तापूर्ण विचार पाउनुभयो; यस लेखमा पाठकहरूले यौटा देशप्रेमीको क्रान्तिकारी विचार एवं उद्दाम स्वदेशप्रेमको झलक पाउनुहुनेछ। हामी वहाँसँग यस्तै सहयोगको आकांक्षी छौं। —सं० ]

नेपालका प्रधान मंत्री श्री ३ पद्म शम्शेरले हाल २००४ साल माघ १३ गते घोषणा गर्नु भएको विधानको विषयमा भूमिकाको रूपमा दिनु भएको भाषण पढ़दा वा सुन्दा यउटा कुनै धर्मढोंगीले धर्मको महिमाको बखान गरिरहेको हो कि भन्ने प्रत्येक व्यक्तिलाई भान हुनु स्वाभाविकै हो।

यो बीसौं सदीको प्रजातान्त्रिक जमानामा आफूलाई 'प्रजाको सेवक हूँ' भनी झ्यालि पिटि हिंड़ने श्री पद्मशम्शेर जस्ता तथा कथित सुधारवादी प्रधानमंत्रीले प्रजाको ऐतिहासिक आन्दोलनले विवश भै दिएको वैधानिक सुधारको अनुहार यस्तो छ।

एकातिर "मौलिकहकका बारेमा, संसारका प्रमुख राष्ट्रहरूमा ती जुन प्रकारसंग प्रचलित छन्. हामीले पनि तिनीलाई सोही बमोजिम तर्जुमा गरेका छौं" भनी मानौं उदारताको पारावारै बगाउन आँटे कि जस्तो गरी जनताको सामुन्ने, भाषण दिनु, फेरि अर्कोतिर उही मुखले आफूले पहिले भनेको कुराको पूर्णतः खण्डन हुने गरी "लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाफ न गरी …………व्यक्तिगत स्वतंत्रता, प्रकाशन स्वतंत्रता आदि-आदिहरू दिने काम भएको छ" भनी स्वतः विरोधी हुने कुराहरूको चरम सीमा नाघ्नु कहाँसम्म उचित हो। हुन त उहाँ जस्तो वयो-बृद्ध, धवलधी, धर्मनिष्ट, परोपकारी व्यक्तिलाई सुहाउने कुरा त होइन तैपनि उहाँको भय र स्वार्थ-मिश्रित लाचारीमा हामी उहाँमाथि सहानुभूति प्रगट गर्नमा असमर्थ भए तापनि घृणा त कदापि गर्ने थिएनौं।

फेरि एकातिर "अघि यस विषयमा हाम्रो ऐनकानून अपूरा थिए, ऐले…………गरेका छौं" भनी जनता प्रति आत्मीयता र सद्भावनाको पराकाष्ठा देखाउनु, अर्कोतिर "दल वा समूहको बन्दोबस्त … दिने छैन" भनी अहमन्यताको कुरा सुन्दा प्रत्येक व्यक्तिलाई खेद हुनु स्वाभाविकै हो। दल वा समूहको पद्धतिलाई नै आज सबै उन्नत देशहरूले उन्नति र प्रगतिको लक्षण सम्झेका छन् भने साँच्चै देशको उन्नति चाहने र 'सरकारलाई शिरमा र दुनियाँलाई काखमा राखी' शासन चलाउने नेपालका शासकवर्गहरूले दल वा समूहको पद्धतिलाई मान्दा "देशमा झै झगड़ा र अशान्ति फैलन जाने सम्भव छ" भनी झूठा बहाना गरी दल वा समूहको आधारमा चुनाव हुन नदिने विचार गरी मौलिकहकहरूको शिर काटी निर्जीव मौलिकहकहरू दी जनतालाई सन्तोष गर्न खोज्नु कहाँसम्म उचित हो ?

यो भन्नु पर्ने कुरो होइन कि आजकाल संस्था बिना राम्रो निष्पक्ष र न्यायोचित चुनाव हुनै सक्दैन। त्यसै त सीधा-साधा केही थाह न भएका नेपालका जनता उसमाथि शासकवर्गहरूका दलालहरूको मिथ्या प्रचारको फन्दामा सजिलैसंग फस्न जाने विचरा जनताले आफ्नू संस्था बिना यो कसोरी छुट्याउन सक्लान् कि यो मान्छे आफ्नै हो या ऊ मान्छे आफ्नू होइन ? संस्था भनेकै यस्तै भ्रामक प्रचारको शिकारले किंकर्त्तव्य विमूढ भई आश्रयहीन भएका जनताको लागि आश्रय घर हो। आजकालको संसारमा संस्था नै यउटा यस्तो वस्तु छ जसले मिथ्या प्रचाररूपी समुद्रमा, भ्रमरूपी अँध्यारो रातमा, दिशा हराएका जनतारूपी जहाजको निमित्त आलोकमंच ( Light House ) को काम दिन्छ। अब पाठकवर्गहरू आफै विचार गरुन् यो कसरी भन्न सकिन्छ कि जुन चुनावमा जनताको आफ्नू संस्थातर्फबाट चुनाव लड़िन्दैन त्यो चुनाव राम्रो र न्यायोचित ढंगले भई त्यस चुनावमा जनताका सच्चा सेवकै प्रतिनिधिको रूपमा चुनिएला ? जनताको दुःखको मर्म बुझी संस्थामा बसी जनताको लागि आफ्नू सब कुछ न्योछावर गरी तपेर बसेका मानिस चुनिन जाँदा त त्यस्तो मानिस पनि त कहिले काहीं ठाउँमा गएर चिपलिन जान्छ भने ती स्वार्थी सिद्धान्तहीन मानिसहरू जसलाई परदुःख भनेको कुन चराको नाउँ हो केही थाह नभएका त्यस्ता व्यक्तिलाई जनताको प्रतिनिधिको रूपमा चुनि पठाउँदा त्यस्ता व्यक्तिहरूबाट जनताको कल्याणै होला भनि सम्झनु मूर्खता सिवाय अरु के हुन सक्छ ? यो ध्रुव सत्य हो कि जनको कल्याण उही मानीसबाट हुन सक्छ जसले परदुःखमा आफ्नै दुःखको अनुभव गर्दछ। यो पनि मानिएकै कुरा हो कि संसारका कुनै चीज यस्तो छैन जोकि सर्वगुण सम्पन्न होस्। हरेक वस्तुका गुणको साथ-साथै दुर्गुण पनि केही न केही अवश्यै हुन्छ। तर, मनुष्यको कर्त्तव्य यही हुन्छ कि त्यस वस्तुमा सद्गुणको मात्रा बढ़ता छ कि दुर्गुणको मात्रा बढ़ता छ भनि विचार गर्नु। यदि अवगुण भन्दा गुण बढ़ता छ भने त्यो चीजलाई असल ठानी अपनाउनु उचितमात्र होइन कि कर्त्तव्य पनि हो। हाम्रो भनाईको तात्पर्य यो होइन कि दल वा समूहको आधारमा चुनाव गर्नुमा कुनै किसिमको खराबी छँदैछैन। हामी यो कुरो अवश्यै मान्दछौं कि संस्था वा समूहको आधारमा चुनाव गर्दा त्यसमा केही न केही खराबी अवश्य हुन्छ। तर, साथै हामी यो कुरा पनि मान्दछौं कि समूह वा संस्थाको आधारमा चुनाव हुन गएमा जनताको सच्चा सेवक प्रतिनिधिको स्वरूपमा चुनिन गई धेरै मात्रामा जनताको कल्याण हुनेछ। यो सर्वमान्य कुरो पनि हो।